# वर्गदृष्टि
Bargadrishti Weekly साप्ताहिक

वर्ष १ अङ्क ६ २०७३ साउन १० गते सोमबार Monday, July 25, 2016 पृष्ठ ८ मूल्य रु. १०।-


## सम्पर्क मञ्चको प्रशिक्षण कार्यक्रम सम्पन्न

**काठमाडौं ।** नेकपा (क्रान्तिकारी माओवादी) सम्बद्ध जनगणतान्त्रिक सम्पर्क मञ्चले प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । मञ्चको केन्द्रीय समितिको आयोजनामा पार्टीका जिल्ला समिति सदस्यसम्म सहभागी गराइएको सो प्रशिक्षण कार्यक्रमलाई पार्टीका केन्द्रीय अध्यक्ष मोहन वैद्य'किरण'ले सम्बोधन गर्नुभएको थियो । शनिवार पार्टी कार्यालय बुद्धनगरमा आयोजित सो प्रशिक्षण कार्यक्रमको सञ्चालन मञ्चका सहइन्चार्ज हरिकृष्ण गजुरेलले गर्नुभएको थियो ।

मञ्चका संयोजक कमल चौधरीको अध्यक्षतामा सम्पन्न प्रशिक्षण कार्यक्रममा एलिसा मगरले स्वागत मन्तव्य राख्नुभएको थियो भने भक्तराज थापाले मन्तव्य राख्नुभएको थियो । सो सम्पर्क डिओसीका कार्यकर्ताहरु उपस्थित रहेको सो प्रशिक्षण कार्यक्रममा नेता पवनमान श्रेष्ठको पनि उपस्थिति रहेको थियो ।

## दमनका विरुद्ध सुकुम्बासी

**काठमाडौं ।** मुलुकभरिका सुकुम्बासी वस्तीमाथि राज्यले बढाउँदै लगेको दमन र ज्यादतीका विरुद्ध सुकुम्बासीहरुले प्रतिरोधात्मक संघर्ष गर्ने भएका छन् । विभिन्न पार्टी सम्बद्ध सुकुम्बासी संगठनहरुले संयुक्त रुपमा संघर्ष गर्ने जनाएका छन् । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल क्रान्तिकारी सुकुम्बासी संघले आइतबार एक विज्ञप्ती जारी गर्दै दमनका विरुद्ध संघर्षमा उत्रने जनाएको छ । संघका केन्द्रीय अध्यक्ष नरबहादुर गौतमले जारी गरेको विज्ञप्तीमा भनिएको छ, "हाले सरकारद्वारा देशका विभिन्न भागमा सुकुम्बासीहरुमाथि दमन गर्ने र जबर्जस्ती उठिबास गराउने उद्देश्यले विभिन्न कार्यालयमार्फत् सूचना जारी गर्ने र आतंक मच्चाउने कार्य गरेकोले हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ।" विज्ञप्तीमा भनिएको छ, "सुकुम्बासीमाथिको दमन र ज्यादती तत्काल नरोके त्यसको एकल तथा संयुक्त आन्दोलनमार्फत् सशक्त प्रतिरोध संघर्ष गर्न बाध्य हुनेछौं ।"

संघको केन्द्रीय पदाधिकारीको आइतबार बसेको बैठकले हाल सरकारद्वारा सर्लाहीको ढुंग्रेखोला गाविस ७ र ८ मा भएको आतंकको घोर भर्त्सना गर्दै सम्पूर्ण पीडित परिवारहरुलाई उचित क्षतिपुर्ती दिन माग गर्ने, सरकारले काठमाडौं विष्णुमतिलगायत देशका विभिन्न भागहरुमा सुकुमवासीहरुलाई जबर्जस्ती उठिवास गर्ने अभिप्रायले सूचना जारी गर्ने आतंक मच्चाउने कार्य गरेकोले उक्त जबर्जस्ती उठिबासका लागि गरिएका सम्पूर्ण गतिविधिहरुको विरुद्ध संघर्ष गर्न पहल गर्ने, सुकुमबासीहरुमाथि भएको दमन उत्पीडनको विरोध गर्दै उनीहरुको हकअधिकारको लागि संयुक्त आन्दोलनको पहल गर्ने र सुकुमबासीहरुमाथि भएको ज्यादतीका विरुद्ध जो कसैले गर्ने आन्दोलनलाई समर्थन गर्ने आदि निर्णय गरेको विज्ञप्तीमा जनाइएको छ ।

यसैबीच, सर्लाहीको ढुंग्रेखोला गाविसको सुकुम्बासी वस्तीमा भएको दमन र ज्यादतीका विरुद्ध विप्लव माओवादीले साउन १० गते नेपाल बन्दको कार्यक्रम राखेको छ ।

# माके प्रतिक्रियावादी कित्तामा पुगिसक्यो : किरण

◆ वर्गदृष्टि संवाददाता

*काठमाडौं ।*

नेकपा (क्रान्तिकारी माओवादी) का अध्यक्ष मोहन वैद्य'किरण'ले नेकपा (माओवादी केन्द्र) संशोधनवादीबाट पर पुगेर प्रतिक्रियावादी भइसकेको बताउनु भएको छ । शनिबार पार्टी कार्यालय बुद्धनगरमा जनगणतान्त्रिक मञ्चका कार्यकर्ताहरुलाई प्रशिक्षण दिने क्रममा यस्तो बताउनु भएको हो । जनगणतान्त्रिक मञ्चसम्बद्ध पार्टीका जिल्ला समिति स्तरका कार्यकर्ताहरुलाई प्रशिक्षित गर्दै उहाँले भन्नुभयो, "काग्रेस, एमालेजस्तै माओवादी केन्द्र पनि प्रतिक्रियावादी कित्तामा पुगी सक्यो । अब माओवादी केन्द्र नवसंशोधनवादीमा मात्रै सीमित रहेन ।"

"बाबुराम भट्टराई र प्रचण्डको लाइन एउटै हो, नेतृत्वमा कुरा नमिलेर मात्र अलग भएका हुन् ।" अध्यक्ष किरणले भन्नुभयो, "प्रचण्ड र बाबुरामप्रति क्रान्तिकारीहरुले अब भ्रम पाल्न जरुरी छैन । उनीहरु पूरै नांगिए गएका छन् ।" विप्लव माओवादीका बारेमा कार्यकर्ताहरुले सोधेको प्रश्नको जवाफ दिँदै अध्यक्ष किरणले भन्नुभयो, "उनको आवरण क्रान्तिकारीजस्तो देखिए पनि गन्तव्य सत्तासाभेदारीतिर छ । उनीसँग फौजी कार्यदिशा नै छैन, के को फौजी संघर्ष गर्छन् ?" पार्टी एकताको सम्बन्धमा राखेको प्रश्नमा अध्यक्षले तत्काल कुनै पार्टीसँग पनि एकता सम्भव छैन, विचार र कार्यदिशा मिल्ने पार्टीहरुसँग एकता हुने भएपनि तत्काल क्रान्तिकारी ध्रुवीकरणमा जोड दिने बताउनु भयो । मुद्दा मिल्ने पार्टीहरुसँग सहकार्य गर्दै पार्टीलाई संघर्षमा केन्द्रित गर्नुपर्ने धारणा राख्नुभयो ।



### संघर्षका सबै रुप अपनाइने

तत्कालीन नेकपा (माओवादी)को चुनुवाङ बैठकले फौजी कार्यदिशा ध्वस्त पारेको भन्दै अब अध्यक्ष किरणले नेपाली विशेषतामा आधारित सशस्त्र विद्रोहको फौजी कार्यदिशालाई पार्टीको राष्ट्रिय सम्मेलनबाट समृद्ध पारिने र मूर्त खाका कोरिने बताउनु भयो । गाउँ र सहर, विज्ञान र प्रविधि, सूचना र संचार, श्रम र उत्पादन, राष्ट्रिय र अन्तर्राष्ट्रिय सबै सन्दर्भहरुलाई जोडेर फौजी कार्यदिशाको विकास गर्न लागिएको अध्यक्ष किरणले बताउनु भयो, "अहिले परिस्थिति क्रान्तिको लागि अनुकूल भएपनि आत्मगत अवस्था कमजोर रहेको छ । पुँजीवादी युग मरणासन्न अवस्थामा छ । तर आन्दोलन सँधै उद्धैन । आन्दोलन उठाउनका निम्ति हामीले वैधानिक र अवैधानिक संघर्षका दुवै रुप प्रयोग गरेर जानु पर्दछ ।आवश्यकता अनुसार संघर्षका सबै रुप अपनाउनु पर्दछ ।"

प्रशिक्षणका क्रममा उहाँले व्यक्त गर्नुभएका विचारहरु :

### कम्युनिष्ट पार्टी नै जनतालाई प्यारो

नेपाली जनतामाथि कम्युनिष्ट नामधारी पार्टीहरुले पटक पटक धोका र गद्दारी गरे पनि जनतालाई फेरि पनि कम्युनिष्ट पार्टी नै प्यारो लाग्छ । त्यसैकारण साम्राज्यवादीहरुले नक्कली कम्युनिष्ट पार्टीहरु बनाएर जनतालाई भ्रमित तुल्याउने गरेका छन् ।

००६ सालमा स्थापना भएको नेपाल कम्युनिष्ट पार्टी ०१७ सालसम्म एउटै थियो । ०१७ सालपछि देशी विदेशी प्रतिक्रियावादीहरुको घुसपैठका कारण कम्युनिष्ट पार्टी विभाजित हुन पुग्यो । साम्राज्यवादीहरुकै घुसपैठका कारण विभाजित कम्युनिष्टहरुलाई कहिल्यै मिल्न दिएनन् । विचार, सिद्धान्त र व्यवहारका हिसाबले कम्युनिष्ट नभएपनि नेपालमा अहिले नामधारी कम्युनिष्टहरु धेरै छन् । किनकि, नेपाली जनतामा अहिले पनि कम्युनिष्ट पार्टी प्यारो छ। श्रमजीवि जनताको

... बाँकी ८ पेजमा

## क्रान्तिकारी माओवादी सम्बद्ध जबस-मोर्चाहरुले सरकारलाई ज्ञापनपत्र बुझाए

◆ वर्गदृष्टि संवाददाता

**काठमाडौं ।** राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरुलाई समेटेर क्रान्तिकारी माओवादीसम्बद्ध जिल्लास्तरका जनवर्गीय सङ्गठन तथा मोर्चाहरुहरुले बुधबार काठमाडौं, ललितपुर तथा भक्तपुरका जिल्लाका प्रमुख जिल्ला अधिकारीमार्फत् सरकारलाई ३० सुत्रीय ज्ञापनपत्र बुझाएका छन् । तीनवटै जिल्लाका सैयौं कार्यकर्ताहरु झण्डा र व्यानरसहित सिडियो कार्यालय पुगेर यस्तो माग पत्र बुझाएका हुन् ।

जिल्लामा कार्यरत अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (क्रान्तिकारी), अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघ, अखिल नेपाल महिला संघ (क्रान्तिकारी), अखिल नेपाल किसान संघ(क्रान्तिकारी), अखिल नेपाल शिक्षक संगठन, नेपाल उद्योग व्यापार महासंघ, अखिल नेपाल जनसांस्कृतिक महासंघ, नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपाल, नेपाल दलित मुक्ति मोर्चा, अखिल नेपाल तामाङ राष्ट्रिय मुक्ति मोर्चा, मधेसी राष्ट्रिय मुक्ति मोर्चा, नेपाल (क्रान्तिकारी) गरी ११ वटा जबस-मोर्चाका जिल्ला नेताहरुले संयुक्त रुपमा सो ज्ञापनपत्र बुझाएका थिए । काठमाडौंका प्रमुख जिल्ला अधिकारी रामकृष्ण सुवेदी, ललितपुरका ऋषिराम शर्मा र भक्तपुरका प्रजिअले ज्ञापनपत्र बुझ्दै अधिकांश मागहरु राज्यसँग सम्बन्धित रहेको भन्दै यी मागहरु सम्बन्धित निकायमा पुऱ्याउने र जिल्लासँग सम्बन्धित मागहरुप्रति गम्भीर बन्ने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा उपस्थित पत्रकारहरुका माझमा वितरित उक्त ज्ञापनपत्रमा राष्ट्रियतासम्बन्धी ८ वटा बुंदा समावेश गरिएका छन् । जसमा सन् १९५० को सन्धिको खारेजीदेखि त्रिभुवन विमानस्थल निर्माण भारतीय कम्पनीलाई दिने गरी गरिएको निर्णयसमेत् रद्द गर्न माग गरिएको छ । त्यसै गरी जनतन्त्र सम्बन्धी विषयमा १० वटा मागहरु राखिएका छन् । ती मागहरुमा उत्पीडित क्षेत्र, जाति र समुदायको पहिचानसहितको संघीयता लागू गर्न माग गर्दै बौद्धिक, साहित्यकार तथा लेखकहरुको प्राज्ञिक स्वतन्त्रतासम्मको कुराहरुलाई सम्बोधन गर्न माग गरिएको छ । त्यसपछि

... बाँकी ८ पेजमा

संसदवादीहरुको सरकार फेरबदलको खेल

## ओलीको बहिर्गमन, दाहालको आगमन ?

◆ वर्गदृष्टि संवाददाता

**काठमाडौं ।** सरकार परिवर्तनको लामै रस्साकस्सीपछि प्रधानमन्त्री ओलीले अन्ततः पदबाट राजीनामा गरेका छन् । राष्ट्रपतिसमक्ष नयाँ सरकार गठनसम्बन्धी बाधा अड्काउ फुकाउन सिफारिस गर्दै संसदसमक्ष उनले राजीनामा दिएर नयाँ सरकार गठनका लागि मार्ग प्रशस्त गरेका हुन् । संसदभित्रको अंक गणितको खेलमा आफू अल्पमतमा परेपछि उनी पदबाट राजीनामा गर्न वाध्य भए । सरकार गठनसम्बन्धी कानुनी प्रावधानमा रहेको छिद्रलाई पकडेर राजीनामा गर्न अटेर गरी बसेका ओलीलाई चौतर्फी दबाव परेपछि पदबाट राजीनामा गरे ।

### दाहालको आगमन ?

सरकार फेरबदलको समीकरणलाई आधार मान्दा प्रधानमन्त्रीको पदमा आसिन हुने पालो अब माकेका अध्यक्ष पुष्पकमल दाहालको देखिन्छ । काग्रेस-माके बीचमा भएको सहमति अनुसार आगामी नौं महिनाका लागि दाहाल प्रधानमन्त्री हुने निश्चित जस्तै भएपनि अझै दिल्लीको चाहनामा भर पर्ने राजनीतिक विश्लेषकहरु दावी गर्छन् । प्रचण्ड अडानै नभएको मान्छे भएकोले दिल्लीले विश्वास गरिहाल्न नसक्ने उनीहरुको विश्लेषण छ । ओली सरकार फाल्नलाई प्रचण्डलाई दिल्लीले प्रयोग गर्न केही आश्वासन दिएको भए पनि देउवालाई जति

... बाँकी ८ पेजमा

# नयाँ जनवादी क्रान्तिको नेपाली विशिष्टता

*"कम्युनिस्ट पार्टीको नेतृत्वमा एउटा नौलो खालको पुँजीवादी जनवादी क्रान्ति साङ्गोपाङ्गो रुपले पुरा नगरी औपनिवेशिक, अर्ध-औपनिवेशिक र अर्ध सामन्ती व्यवस्थाको अवशेषमाथि समाजवादी समाज निर्माण गर्न खोज्नु फोस्रो कल्पना मात्र हुनेछ ।" - माओत्सेतुङ्ग*

उपरोक्त भनाईले कुनै पनि देशको क्रान्तिको कुरासँग त्यहाँको वस्तुगत तथा मुख्यतः अर्थराजनीतिको जगमा नै त्यस सम्बन्धी नीति निर्माण गर्न सकिन्छ र गर्नुपर्ने कुरालाई स्पष्ट गर्दछ । जहाँसम्म क्रान्तिको कुरा छ, त्यो व्यक्तिको इच्छा वा चाहानामा होइन, देशको समग्र उत्पादन प्रणाली, समाज विकासको ऐतिहासिक चरण र त्यसको पार्टी, क्रान्तिसम्बन्धी आम र विशिष्ट नीति त्यसको नेतृत्व गर्ने क्रान्तिकारी कम्युनिस्ट पार्टी सर्वहारा वर्गको पार्टी, क्रान्ति सम्बन्धी आम र विशिष्ट नीति त्यसको कार्यान्वयन गर्ने उत्पीडित वर्ग तथा समुदायको संगठन तथा संघर्षसम्बन्धी सही दृष्टिकोण अनिवार्य हुन्छ । माओले भने झैं कुनै पनि औपनिवेशिक, अर्धऔपनिवेशिक तथा अर्धसामन्ती अर्थव्यवस्था रहेको मुलुकमा अनिवार्य रुपमा नैलो खालको पुँजीवादी क्रान्तिको कार्यभारलाई पुरा गरेर नै समाजवाद र साम्यवादको दिशामा अगाडि बढ्नु सही दृष्टिकोण हुन्छ । यदि कसैको चाहना वा इच्छाका आधारमा त्यस्ता देशमा समाजवादी क्रान्तिको कुरा गरिन्छ भने त्यो फोस्रो कल्पना मात्र हुन्छ । तसर्थ, क्रान्ति सम्बन्धी नीति तय गर्दा ठोस परिस्थितिको ठोस विश्लेषणका आधारमा गर्न जरुरी पर्दछ । र, त्यो नै मालेमावादी विश्व दृष्टिकोण हो ।



प्रेम सुवेदी

नेपालमा यतिवेला उठेका क्रान्तिसम्बन्धी अलग-अलग दृष्टिकोणहरुका वस्तुगत तथा आत्मगत कारणहरु नखोजी त्यस सम्बन्धी विचार व्यक्त गर्नु सही तरिका होइन । नेपालको समग्र अर्थराजनीतिको जुन अवस्था छ, त्यो जगमा नै नेपाली क्रान्तिको नीति र कार्यक्रम तर्जुमा गर्न सके मात्र समाजको रुपान्तरण सम्भव हुन्छ । तसर्थ, अहिले पनि नेपाली समाज अर्ध/नवऔपनिवेशिक तथा अर्धसामन्ती अवस्थामा रहेकोले यहाँको क्रान्तिको मुख्य कार्यभार जनवादी क्रान्ति नै हुने कुरा स्पष्ट छ । तर, समाजमा भएका कैयौं राजनैतिक परिवर्तन तथा साम्राज्यवादी वित्तीय पुँजीको एकाधिकार कायम हुँदै जानु, साम्राज्यवादी नवउदारवादी अर्थराजनीतिको प्रभाव जस्ता कुराले क्रान्तिको आधारभूत चरित्र नै बदलियो भन्ने जस्ता कुरा पनि उठ्ने गरेका छन् । यी कुरा उठ्नु नराम्रो होइन, तर समग्रमा नेपालको अर्थराजनीतिमा अहिले पनि सामन्तवादी उत्पादन प्रणाली कायम हुनु र साम्राज्यवाद विशेषतः भारतीय विस्तारवादको एकाधिकार शोषण र दमनबाट नेपाल स्वाधीन बन्न नसकिरहेको पृष्ठभूमिमा पुँजीवादी जनवादी क्रान्ति नै अहिलेको नेपालको विशिष्टता हो ।

यो विशिष्टतालाई उपेक्षा गरेर आजको क्रान्तिको कार्यभार पुरा हुन सक्दैन । अहिले कतिपय पार्टीहरु विशेष गरेर दक्षिणपन्थी संसोधनवादीहरु र केही बुद्धिजीवीहरुले पुँजीवादी क्रान्तिको कार्यभार पुरा भयो, अब समाजवादको स्थापना गर्नु पर्दछ भन्ने जस्ता तर्कहरु तथा नीतिहरु निश्चित गरेका छन् । यी नीति माओले भनेझैं फोस्रो कल्पना मात्र हुन् । निश्चय नै नेपाली समाज हिजोकै अवस्थामा छैन । तर्सथ, नयाँ जनवादी क्रान्ति चीनमा जसरी सम्पन्न भयो, त्यसरी नै सम्पन्न हुन्छ भन्ने होइन । नेपालको विशेषतामा नयाँ जनवादी क्रान्ति हुन्छ र गर्नुपर्दछ । नेपाली समाज साम्राज्यवाद र सामन्तवादको शोषण, दमन र उत्पीडनबाट सम्पूर्णरुपमा मुक्त भयो भन्ने तर्क सारमा साम्राज्यवाद र सामन्तवादप्रतिको आत्मसमर्पण नै हो । नाङ्गो रुपमा देखिएको तथ्यलाई 'होइन' भन्नुको तात्पर्य स्वयंको दलाली गर्नु नै हो । त्यसैले आजको नेपाली समाजको धरातलीय यथार्थताका आधारमा नै हामीले क्रान्तिको कार्यदिशा तय गर्नु पर्दछ । यो नै मालेमावादको सारतत्व हो । जहाँसम्म समाजवादलाई

... बाँकी २ पेजमा

## सम्पादकीय

# डा.केसीका माग तत्काल सम्बोधन गर !

आधा महिना भयो प्रो.डा.गोविन्द केसी आमरण अनसन बसेको । उनको स्वास्थ्य अवस्था एकदमै कमजोर बन्दै गएको छ । चौतर्फी रुपमा उनले अगाडि सारेका माग र उनको जीवन रक्षाको लागि आवाजहरु उठिरहेका छन् । उनले अगाडि सारेका मागका पक्षमा देशभित्र ठूलो जनमत सिर्जना भएको छ । दिनदिनै केसीको पक्षमा सडकमा प्रदर्शनहरु भइरहेका छन् तर सरकारले त्यसको सुनुवाइ गरेको छैन । उल्टो कडा रुख अपनाइरहेको छ ।

चिकित्सा क्षेत्र सुधार तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त लोकमानसिंह कार्कीलाई महाअभियोग माग गर्दै केसी अनसनमा बसेका छन् । माग पूरा नभएपछि यतिखेर उनको जीवन संकटमा परेको छ । तर सरकार र संसदवादी राजनीतिक पार्टीहरु भने कुर्सीको छिनाझपटीमा लागेका छन् । डा.केसीका मागप्रति उनीहरु संवेदनशिल देखिएका छैनन् ।

गतवर्ष नेपाल सरकारले व्यवसायिक स्वास्थ्य शिक्षा (एचपीइ) का लागि नयाँ राष्ट्रिय नीति निर्माण गर्न उच्च स्तरीय आयोग गठन गऱ्यो । शिक्षाविद् केदारभक्त माथेमा आयोगका संयोजक थिए । त्यतिबेला माथेमाले स्वास्थ्य शिक्षाका धेरै सरोकारवाला भेटे । र सरकारलाई प्रतिवेदन पनि बुझाए । विडम्बना, अहिले त्यही प्रतिवेदन कार्यान्वयनको प्रमुख माग राख्दै डाक्टर गोविन्द केसी फेरि (आठौंपटक) अनसनमा बस्नु परेको छ ।

राज्यको स्रोतसाधनमाथि कसरी आफ्नो व्यक्तिगत, गुटगत तथा दलगत आधिपत्य स्थापित गर्ने र निहीत स्वार्थनुसार त्यसको उपयोग कसरी गर्ने भन्ने ध्याउन्नमा लागेका संसदवादी पार्टीहरुका लागि डा.केसीजस्ता भ्रष्टाचार र अनियमितताका अभियन्ताहरु बाटोको काँडा बनेका छन् । डा.केसीका माग पूरा गर्दा आ–आफ्ना निहीत अभिष्टहरु पूरा नहुने देखेका संसदवादी पार्टीहरु उनका मागप्रति उदासिन देखिएका छन् । अनि माफियाहरुको जालोभित्र कमिसनको खेलमा राज्यका नियमनकारी निकायका प्रमुखहरु नै परेपछि डा.केसीहरु 'मानसिक रोगी'मा दर्ज गरिन पुगेका छन् । अनि भ्रष्टहरु रातारात चोख्याइन्छन्, सद्दे र महान ठहऱ्याइन्छन् । संसदीय व्यवस्थाको कुरुप चरित्र तथा कु–विशेषता भनेको नै यही हो ।

राज्यमा भ्रष्टाचार, कमिसन, अनियमितता कति छ र त्यो कसरी संस्थागत भएको छ भन्ने कुरा थाहा पाउन सरकारको 'असारे विकास'लाई हेरे पुग्छ । नेपालमा संसदीय व्यवस्था रहेसम्म यस्ता असारे विकास भइरहन्छन् र डा.केसीजस्ता हजारौंले पटकौंसम्म अनसन बसिरहनु पर्छ । तर व्यवस्था परिवर्तन नभएसम्म डा.केसीहरुका मागको सुनुवाइ हुँदैन भन्ने कुरालाई नै फेरि पनि यो राज्यले स्थापित गर्न खोजेजस्तो देखिन्छ ।

डा.केसीले अगाडि सारेका सबै मागहरु जायज र आवश्यक छन् । राज्यले उनका सबै माग तत्काल पूरा गरी उनको जीवन रक्षा गर्न जरुरी छ । डा. केसीको मागमा जनताले सिंहदरबार र बालुवाटार घेरा हाल्नु अगाडि नै राज्यले यी मागहरु पूरा गरोस् । संसदीय व्यवस्थामा राज्य बहिरो भएको हुन्छ, जति चिच्याए, कराए पनि सुन्दैन । उसलाई सुनाउन 'बमको धमका' चाहिन्छ भन्ने स्थितिमा जनतालाई नपुऱ्याओस् ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निश्पक्ष खबर तथा विचारका लागि सँधै हेर्ने र पढ्ने गरौं ।

www.moolbato.com

# कमरेड माओबाट सिकौं !

**१. जनदिशाबारे**

"राजनीतिले जनदिशा अनुशरण गर्नुपर्छ । नेताहरूमाथि मात्रै भर गरेर हुँदैन । नेताहरूले त्यति धेरै कसरी गर्न सक्छन् ? नेताहरूले सबै, राम्रो र नराम्रोको एउटा अंश मात्र भ्याउन सक्छन् । त्यसैले, प्रत्येकलाई उत्तरदायित्व बाँडचुँड गर्न, बोल्न, अरू मान्छेलाई प्रोत्साहित गर्न र अरू मान्छेलाई आलोचना गर्नको निम्ति परिचालन गर्नुपर्छ । प्रत्येक जनासँग एक जोडा आँखा र मुख हुन्छ र उसलाई हेर्न र बोल्न दिनुपर्छ । जनवादको अर्थ जनसमुदायलाई आफ्नो गतिविधि आफै व्यवस्थापन गर्न दिनु हो । यहाँ दुई वटा तरिका छन् ः एउटा केही व्यक्तिहरूमाथि भर गर्ने र अर्कोचाहिं काम कार्वाहीको व्यवस्थापन गर्न जनसमुदायलाई परिचालित गर्ने । हाम्रो राजनीति जनराजनीति हो । जनवादी शासन भनेको सबैको शासन हो, केहीको मात्र शासन होइन । प्रत्येकलाई आफ्नो मुख खोल्न उत्प्रेरित गर्नुपर्छ । उसको मुख छ, त्यसैले उसको दुई वटा उत्तरदायित्व हुन्छ- खाने र बोल्ने । जहाँ उसले नराम्रो कुरा अथवा नराम्रो कार्यशैली देख्छ, त्यहाँ उसले बोल्नुपर्छ । उसले आफ्नो संघर्ष गर्ने कर्तव्य पालन गर्नुपर्छ ।

"यदि पार्टीको नेतृत्वमाथि होइन कि नेतामाथि नै पूरै भर गर्ने हो भने केही पनि राम्रोसँग गर्न सकिन्न । (हामीले) एउटा नेतामाथि मात्र होइन कि पार्टी र (हाम्रा) कमरेडहरूमाथि भर गर्नुपर्दछ । निष्क्रिय जनसमुदायले पछ्याउने एउटा सक्रिय नेता भएर पुग्दैन, हामीले एउटा पद्धति बसाल्नुपर्छ कि जनसमुदायले आफ्ना दुबै हात र मुखको उपयोग गरून् । काम राम्रोसंग सम्पन्न गर्ने एउटा मात्र तरिका माथिबाट पार्टीको नेतृत्व र तलबाट जनसमुदाय (को समर्थन) माथि भर गर्नु हो ।"

("पेकिङ शिक्षक तालिम महाविद्यालयको छानविनको रिपोर्टबारे टिप्पणी" जुलाई ३, १९६५ छानिएका रचना (अंग्रेजी) भाग- ९ पे. २१८-१९)

**२. क्रान्तिकारी उत्तराधिकारीहरूबारे**

"उत्तराधिकारीहरू मार्क्सवादी-लेनिनवादी हुनुपर्छ, उनीहरूले बहुसंख्यक जनताको हितको सेवा गर्नुपर्छ, उनीहरू बहुसंख्यक जनतासँग एकाकार हुनुपर्छ, उनीहरूले जनवादी कार्यशैली देखाउनुपर्छ र उनीहरूले खास योजना बनाउनुपर्छ । तपाईंहरूले पनि केही उत्तराधिकारीहरू हुर्काउनुपर्छ । तपाईंहरूले सधैं यस्तो सोंच्नु हुँदैन कि तपाईं आफूले मात्रै गर्नु हुनेछ र अरूले गरेको सबै थोक कुनै कामको हुँदैन, मानौं संसारमा तपाईंबिना पृथ्वी नै घुम्ने छैन र कुनै पार्टी भन्ने रहने छैन । के तपाईं ठान्नुहुन्छ कि कसाई चाङको मृत्युपछि सबैले भुत्लासहितको सुँगुरको मासु खानुपर्ने छ ? कसैको मृत्युबाट पनि डराउनुपर्ने कुनै आवश्यकता छैन । कसको मृत्युले ठूलो नोक्सान हुनेछ ? मार्क्स, एंगेल्स, लेनिन र स्टालिन, के वहाँहरू सबैको मृत्यु भइसकेको छैन र ? तैपनि क्रान्ति अगाडि बढिरहनुपर्छ । एउटा व्यक्तिको मृत्यु कसरी त्यति ठूलो घाटा हुन सक्छ ? त्यस्तो कुनै चीज हुँदैन । मान्छेले सधैं मर्नैपर्छ तर मर्ने विभिन्न तरिकाहरू छन् । कोही दुश्मनद्वारा मारिए, कोही विमान दुर्घटनामा मरे, कोही पौडी खेल्दा डुबे, कोही रोगले मरे, कोही बूढेसकालले मरे । हामीले एटम बलले मर्नेहरूको पनि हिसाब गर्नुपर्छ । हामीले कुनै पनि बेला आफ्नो कामको पद छोड्न तयार हुनुपर्छ र सधैं उत्तराधिकारीहरू तयार पारेर बस्नुपर्छ । प्रत्येक व्यक्तिसँग उत्तराधिकारीहरू तयार हुनुपर्छ । उसका उत्तराधिकारीहरूका तीन पंक्ति हुनुपर्छ । उसका एक, दुई र तीन जोडा हात हुनुपर्छ र ऊ ठूलो आँधीबेहरीबाट डराउनु हुँदैन ।"

"फौजी क्षेत्रको कामलाई पूरा प्रभावकारी बनाउने र क्रान्तिका उत्तराधिकारीहरू तयार गर्नेबारे कुराकानी", जून १६, १९६४ छानिएका रचना (अंग्रेजी) भाग-९ पे. ९७ ।

**३. एकको दुईमा विभाजनबारे**

"प्रत्येक चीजको एकको दुईमा विभाजन हुन्छ । म व्यक्तिगत रूपमा पनि एकको दुईमा विभाजन हुँ । म प्राथमिक विद्यालयको शिक्षक थिएँ, र जब म सानो थिएँ, म प्रेतात्मामा पनि विश्वास गर्थें । म मेरी आमासंग टाढाको मन्दिरमा धूप बत्ती बाल्न जान्थें । अक्टोबर क्रान्तिभन्दा पहिले मलाई कुनै मार्क्स भन्ने छन् भन्ने पनि थाहा थिएन अथवा मार्क्सपछि घटेका कुनै घटनाबारे थाहा थिएन ।"

"एउटा पनि गल्ती नगरेको कुनै मान्छे छ त ? हाम्रा केही कमरेडहरूलाई अधिभूतवाद मन पर्छ । अधिभूतवाद भनेको के हो ? यो एकांगीपन हो, खाली राम्रो कुरा मात्र भन्न दिने तर नराम्रो कुरा भन्न नदिने, अनि राम्रो कुरा मात्र सुन्न मन पराउने तर नराम्रो कुरा सुन्न भने मन नपराउने ।

"मार्क्स पनि एकको दुईमा विभाजन हुनुहुन्थ्यो ।



मार्क्सको दर्शन हेगेल र फायरवाखबाट सिकिएको थियो, उहाँको अर्थशास्त्र बेलायतको रिकार्डो र अरूहरूबाट सिकिएको थियो र फ्रान्सबाट उहाँले काल्पनिक समाजवाद पढ्नुभयो । यो सबै बुर्जुवा थियो । यसबाट एकको दुईमा विभाजन भयो र मार्क्सवाद पैदा भयो । म तपाईंलाई सोध्छु, जब लेनिन सानो हुनुहुन्थ्यो, के उहाँले कहिल्यै मार्क्सका रचनाहरू पढ्नुभएको थियो ?"

"हाम्रो यो पार्टी पनि एकको दुईमा विभाजन हो ।"

- "एउटा जानकारी बैठकमा", मार्च १९६४, छानिएका रचना (अंग्रेजी) भाग- ९ पे. ७४

**४. युद्धनीतिबारे**

"दुई वटा तरिका छन्- तिमी तिम्रो तरिकाले लड र म मेरो तरिकाले लड्ने छु । फौजी तर्क जेसुकै भए पनि त्यसलाई यी दुई वटा वाक्यमा सजिलैसँग झार्न सकिन्छ । तिमी तिम्रो तरिकाले लड भनेको के हो ? उसले मसंग लड्न खोज्छ, तर फेला पार्न सक्दैन, त्यसरी बीचैमा तुहिन्छ । म मेरो तरिकाले लड्ने छु भनेको के हो ? हामीले केही सैन्य डिभिजन र ब्रिगेडलाई केन्द्रित गर्दछौं र उसलाई निल्छौं । ....."

"..... प्रधान कुरो युद्ध मैदानमा तालिम लिनु हो । शान्तिकालमा तालिम रातमा गर्नुपर्छ । युद्धको कालमा लडाइँ लडेर सिक्नुपर्छ । तपाईंहरूले मेरा रचनाहरू पढेको कुरा गर्नु भएको होइन त ? यी कुराहरू त्यति उपयोगी नहोलान्, तर त्यहाँ दुई वटा मुख्य पंक्ति छन् ः तिमी तिम्रो तरिकाले लड र म मेरो तरिकाले लड्ने छु । म मेरो तरिकाले लड्ने छु भन्ने वाक्यलाई थप दुई वटा वाक्यमा बाँड्न सकिन्छ ः यदि मैले जित्न सक्ने भए म लड्ने छु, यदि मैले जित्न सक्दिनँ भने म भाग्नेछु । साम्राज्यवादीहरू यो तरिकादेखि ज्यादै डराउँछन् । यदि मैले जित्न सक्ने भए मैले तिमीलाई निल्नेछु, यदि मैले जित्न सक्दिनँ भने म भाग्नु छु ताकि तिमीले मलाई फेला पार्न असम्भव हुनेछ । सुरुमा, दुबै आक्रामक र रक्षात्मक कार्वाहीहरूमा हामीले शेकसँग लड्दै थियौं, हामी साना लडाइँबाट ठूला लडाइँतिर गयौं र पनि उसका ५ लाख सेनालाई ध्वस्त पार्न हामीले ३ लाख सेना प्रयोग गऱ्यौं । उसका पाँच वटा औंलालाई टोक्न हामीले तीन वटा औंलाहरू प्रयोग गऱ्यौं । हामी अल्पसंख्यामा थियौं, तब कसरी हामीले उनीहरूलाई खान सक्यौं त ? हामीले टुक्रा-टुक्रा पारेर खायौं । परिणाम यो भयो कि हामीले उनीहरूलाई निल्यौं ।"

"तिमी तिम्रो तरिकाले लड र म मेरो तरिकाले लड्नेछु- फिलिस्तिनी मुक्ति संगठनको प्रतिनिधिमण्डलसंग कुराकानी", मार्च १९६५, छानिएका रचना (अंग्रेजी) भाग- ९ पे. २१४-१५

**५. रूप र सारबारे**

"ब्रिटेन एउटा राजतन्त्र हो । के उसको राजा छैन त ? अमेरिकामा राष्ट्रपति प्रणाली छ । तिनीहरू दुबै बुर्जुवाअधिनायकत्व हुनाले एउटै हुन् । दक्षिण भियतनामको कठपुतली सरकारको राष्ट्रपति छ र उसको छिमेकमा क्याम्बोडियामा सिंहानूकको राजतन्त्रात्मक अधिराज्य छ । कुन चाहिं देश बढी राम्रो छ त ? मलाई सिंहानुक राजा भएको कम्बोडिया केही बढी राम्रो छ । भारतमा राष्ट्रपति प्रणाली छ, उसको छिमेकी नेपाल एउटा राजतन्त्रात्मक मुलुक हो । कुन चाहिं देश बढी राम्रो छ त ? यस्तो प्रतीत हुन्छ कि भारतभन्दा त्यो राजतन्त्रात्मक मुलुक (नेपाल) केही बढी राम्रो छ । यो अहिलेको उनीहरूको व्यवहारलाई हेरेर हो । पुरानो चीनमा तीवटा राजा र पाँचवटा बादशाह थिए । चाउ वंशमा उनीहरूलाई राजा भनिन्थ्यो भने चीन वंशमा बादशाह भनिन्थ्यो । ... यसरी देखिन्छ कि नाउँहरू (पदवीहरू) बारम्बार बदलिएका छन् । तर हामीले देख्न चाहेको कुरो नाउँको परिवर्तन होइन, किनकि समस्या नाउसँग होइन व्यवहारासँग हुन्छ. रूपसँग होइन, सारसँग हुन्छ ।"

"कमरेड चाङ चुन-चियाओ र माओ बेन-यूआनूसँग तीनवटा भेटघाटमा कुराकानी" फरवरी १९६७ छानिएका रचना (अंग्रेजी), भाग-९ पे.३३०-३१ (अनु.कमल)

## नयाँ जनवादी क्रान्तिको ...


अहिलेको कायदिशा बनाउने कुरा छ, त्यो मनोगतवादी सोचाइ मात्र हो ।

नयाँ जनवादी क्रान्ति र समाजवादी क्रान्तिको विषय सामान्य पदावलीको कुरा मात्र नभएर यी दुई अलग अलग युगसँग जोडिएका विषय हुन् । तसर्थ, यी विषयमा रहेका अन्तर हरुलाई सामान्य तर्कका आधारमा होइन, समाज विकासका ऐतिहासिक चरणको अध्ययन र त्यहाँ अन्तर्निहित अन्तरविरोधका आधारमा समाधान खोज्नु पर्दछ । सामन्य कुरा के हो भने अर्धसामन्ती तथा अर्ध/नवऔपनिवेशिक अर्थव्यवस्था रहेको देशको आधाभूत अन्तविरोध एकातिर घरेलु प्रतिक्रियावाद तथा साम्राज्यवाद/विस्तारवाद र अर्कोतिर साम्राज्यवाद विस्तारवाद तथा नेपाल राष्ट्र बीचमा छ । यस स्थितिमा कम्युनिस्ट पार्टीको न्यूनतम कार्यक्रम नयाँ जनवाद र अधिकतम कार्यक्रम समाजवाद तथा साम्यवाद हुने कुरा प्रष्ट छ । यस विषयमा चर्चा गर्दै नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)को एकता अधिवेशनमा पारित राजनैतिक प्रतिवेदनमा भनिएको छ, "नेपाली क्रान्तिको वर्तमान चरणमा दलाल एवम् नोकरशाही पुँजीपति र सामन्त वर्ग प्रमुख दुश्मन रहेका छन् । ती वर्ग सामन्यतः साम्राज्यवाद र विशेषतः भारतीय विस्तारवादद्वारा निर्देशित तथा परिचालित रहिआएका छन् । अहिले दलाल एवं नोकरशाही पुँजीपति तथा सामन्त वर्ग एकातिर र आम जनसमुदाय अर्कोतिर भई प्रधान अन्तरविरोध बनेको छ ।" उपरोक्त भनाईले नेपाली समाजको विशिष्टता र प्रधान अन्तरविरोधको विषयमा एकदम वस्तुनिष्ट निस्कर्ष निकालेको छ । तर्सथ, क्रान्तिको आजको कार्यभार के हो ? भन्ने स्वतः प्रष्ट छ । अतः नयाँ जनवादी क्रान्ति नै अहिलेको नेपाली क्रान्तिको आधारभूत कार्यक्रम हो भन्ने कुरा यी भनाईले स्पष्ट गर्दछ ।

देशमा पुँजीवादी क्रान्ति सम्पन्न भयो, अब समाजवादी क्रान्तिलाई मुख्य कार्यदिशा बनाउनु पर्दछ भन्ने पार्टी तथा व्यक्तिहरुले अगाडि सारेका केही तर्कहरु यस्ता रहेका छन : सामन्तवादको नेतृत्व गरेको राजतन्त्रको अन्त्य तथा देशमा लोकतान्त्रिक राजनैतिक प्रणालीको स्थापना हुनुले पुँजीवादी क्रान्तिको चरण पुरा भयो । यही तर्कका आधारमा मात्र पुँजीवादी क्रान्तिको चरणलाई पुरा गऱ्यो भन्ने कुरा सत्य होईन । देशको राजनीतिमा मात्रात्मक परिवर्तन भएको कुरा सत्य हो । तर मूलभूत रुपमा पुँजीवादी क्रान्ति सम्पन्न भयो भन्ने कुरा सही हुँदैन । जस्तो राजतन्त्रको अन्त्य हुनुको अर्थ सम्पूर्ण रुपमा सामान्तवाद समाप्त भयो भन्ने जुन बुझाई छ, त्यो सही होइन । अहिले पनि सामन्तवादी उत्पादन प्रणाली कायम छ । यो सत्य हो, सामन्तवाद हिजोको अवस्थामा छैन । त्यो कमजोर बनेको छ । राजतन्त्रको अन्त हुँदैमा पुँजीवादी क्रान्ति पुरा हुँदोरहेनछ भन्ने कुरा त चीनको इतिहास हेर्दा पनि थाहा हुन्छ, जस्तो कि १९११ मा त्यहाँ राजतन्त्रको अन्त्य भयो, तर पुँजीवादी जनवादी क्रान्तिका लागि त्यहाँ चलेको संघर्ष धेरै समय पछि नै सम्पन्न भयो । त्यति मात्र होईन आज कतिपय देशहरु जस्तो वेलायत, जापान लगायतका मुलुकमा राजतन्त्र छ तर सामन्तवाद छैन । तर्सथ, विषयलाई हेर्दा कुनै एउटा पक्षको आधारमा निश्कर्ष निकाल्नु सही हुँदैन । समग्र जस्तो अर्थराजनीति, समाज विकासका ऐतिहासिक चरणहरु, वर्गसंघर्षमा अभिव्यक्त भएका अन्तरविरोध आदि यी सार पक्षमा ध्यान दिएर नै सही निश्कर्षमा पुग्न सकिन्छ । त्यो नै मालेमावादी पद्धति हो ।

लोकतान्त्रिक प्रणाली कै कुरा पनि त्यो सँग जोडिएको अर्थराजनीतिलाई अलग गरेर हेर्न मिल्दैन । नेपालकै इतिहासमा हेर्दा आजभन्दा झण्डै २५ सय वर्ष पहिले बुद्धकालीन समाजमा धेरै लोकतान्त्रिक मान्यता थिए भन्ने पाइन्छ, के त्यही आधारमा समाजवादको आधार निर्माण भएको थियो भन्न सकिन्छ ? अवश्य सकिदैन । उपरी संरचनामा हुने कतिपय परिवर्तनको अर्थ समाजको आधार नै बदलियो भन्ने सही होईन । त्यस प्रकारका मनोगत तथा काल्पनिक कुरालाई माक्सवादीहरुले विश्वास गर्दैनन् र त्यो सही दृष्टिकोण पनि होइन । समाजको धरातलीय अवस्था जे छ, त्यसको आधारमा कार्यदिशा निश्चित हुन्छ र हुनुपर्दछ । तसर्थ, यतिवेला नेपाली समाजको अवस्था भनेको अर्धसामन्ती तथा अर्ध/नवऔपनिवेशिक रहेकोले माओले भने झै नयाँ खालको पुँजीवादी जनवादी क्रान्ति नै हाम्रो विशिष्टता हो भन्ने प्रष्ट छ । जनवादी क्रान्तिको कार्यभारलाई पुरा गरेर नै समाजवाद र साम्यवादको यात्रा अगाडि बढाउन सकिन्छ ।

# ‘साउथब्लक’ले प्रचण्डलाई सिध्याउन सक्छ



**सिताराम तामाङ**
नेता, नेकपा (क्रान्तिकारी माओवादी)

***नेकपा (क्रान्तिकारी माओवादी) विचारधारात्मक र राजनीतिक हिसाबले अहिले के गर्दैछ ?***

नेपाली कम्युनिष्ट आन्दोलनमा क्रान्तिकारी धारको रुपमा रहेको नेकपा (क्रान्तिकारी माओवादी)लाई सैद्धान्तिक एवम् वैचारिक हिसाबले सिध्याउन आन्तरिक एवम् बाह्य दुवै क्षेत्रबाट ठूलो षड्यन्त्र र कसरत गरियो । त्यस लडाईंमा हामीले दक्षिणपन्थी नवसंशोधनवादीहरुलाई हराउन सफल भयौं । लडाई हो, हाम्रो संगठनात्मक हिसाबले त ठूलो क्षति भएको छ तर सैद्धान्तिक हिसाबले विजय हासिल गर्‍यौं । फलतः हाम्रो पार्टीले गत असार ६-८ गतेसम्म ऐतिहासिक राष्ट्रिय भेला भव्यताकासाथ सम्पन्न गरेको छ । दीर्घकालीन हिसाबले यो राष्ट्रिय भेलाको ऐतिहासिक महत्व छ । उक्त भेलाले पार्टीलाई मालेमावादको आलोकमा नयाँ ढंगले संगठित गरेको छ र नयाँ जनवादी क्रान्तिको तयारीको दिशामा सामन्तवाद, साम्राज्यवाद/विस्तारवाद र दक्षिणपन्थी संशोधनवादद्वारा खडा गरिएका चुनौतिहरुको सामना गर्दै अघि बढ्ने रणनीतिक एवम् कार्यनीतिक निर्णयहरु गरेको छ । राष्ट्रिय भेलाका निर्णयहरु राज्य र जिल्लामा सम्प्रेषण गर्ने कार्य अहिले भइरहेको छ ।

***पार्टीको राष्ट्रिय भेलापछिको एक महिनालाई पार्टी जीवनका हिसाबले कसरी लेखाजोखा गर्नुभएको छ ?***

राष्ट्रिय भेलाबाट कार्यकर्ताहरु निकै उत्साहित भएर फर्केका छन् । पार्टीले राष्ट्रियता, जनतन्त्र र जनजिवीकासहित वर्गसंघर्ष र सामाजिक मुक्तिका समस्याहरुलाई लिएर संघर्षको नीति र कार्यक्रम दिएको छ । पार्टी नेतृत्वमा विभिन्न जनवर्गहरुलाई समेटी संयुक्त मोर्चा निर्माण गर्ने, आन्दोलन अघि बढाउन क्रान्तिकारी, अनुशासित र लडाकु शक्तिको निर्माण गर्ने, नेपाली विशेषतामा आधारित सामरिक कार्यदिशालाई समृद्ध पार्न आगामी फागुनमा राष्ट्रिय सम्मेलन गर्ने आदि निर्णयले कार्यकर्तामा नयाँ उत्साह र जोश थपिएको हो । अहिले फिल्डमा गएर अध्ययन गर्दा त्यसको सकारात्मक प्रभाव देखिएको छ ।

***चाँडै पुनः केन्द्रीय समितिको बैठक बस्न लाग्नुभएको छ । छोटो समयकै अन्तरालमा किन केन्द्रीय समितिको बैठक बोलाइएको हो ? अगामी बैठकले के के निर्णयहरु गर्दैछ?***

राष्ट्रिय भेलाले माथि भनिएका निर्णयहरु गरेकाले तिनलाई कार्यरुप दिनका लागि केन्द्रीय समितिको बैठक बस्नैपर्ने हुन्छ । बैठक ढिलो गर्नुको अर्थ निर्णयहरुको कार्यान्वयन ढिलो हुनु हो । तसर्थ के.स.को बैठक छिटै बोलाइएको हो ।

***जनवादी क्रान्तिको बाँकी कार्यभार पूरा गर्न योजना र कार्यक्रमका हिसाबले कसरी अगाडि बढ्दै हुनुहुन्छ ?***

हाम्रो पार्टीले नेपाल अर्धसामन्ती तथा अर्ध/नवऔपनिवेशिक अवस्थामा रहेको र राष्ट्रियता, जनतन्त्र र जनजिवीकाका आधारभूत समस्याहरु समाधान नभएकोले त्यसप्रकारको समस्याबाट मुलुकलाई मुक्त तुल्याउन र उक्त समस्या समाधानार्थ नयाँ जनवादी क्रान्तिको दिशामा अघि बढ्ने निर्णय गरेको छ । यसरी अघि बढ्नका लागि प्रथमतः आज दक्षिणपन्थी संशोधनवादीहरु, जो नेपालमा पुँजीवादी जनवादी क्रान्ति पूरा भइसक्यो भन्दैछन्, विरुद्ध नयाँ जनवादी क्रान्तिको अनिवार्यताको राजनीतिक कार्यदिशा पकडिएको छ । दोस्रो, पार्टीको सामरिक कार्यदिशा नेपाली विशेषतामा आधारित सशस्त्र जनविद्रोह हुने भनिएको छ । राजनीतिक कार्यदिशा नेपाली नयाँ जनवादी क्रान्ति समग्रमा सर्वहारा वर्गको नेतृत्वमा सम्पूर्ण शोषित उत्पीडित जनसमुदायको संयुक्त अधिनाकत्वमा आधारित तथा सामन्तवाद र साम्राज्यवाद/विस्तारवाद नवउदारवादी अर्थतन्त्रका विरुद्ध परिलक्षित छ । त्यसरी नै सामरिक कार्यदिशा भनेको देशमा सामन्तवाद, साम्राज्यवाद/विस्तारवाद दलाल तथा नोकरशाही पुँजीद्वारा भइरहेको शोषण, उत्पीडन र प्रभुत्वको अन्त्य तथा दलाल नोकरशाही पुँजीपति र सामन्त वर्गीय राज्यसत्तालाई अन्त्य गरी नयाँ जनवादी राज्यसत्ताको स्थपना गर्नु हो । अब सम्पन्न हुने राष्ट्रिय सम्मेलनले डिटेल वर्कआउट गर्ने छ । त्यसपछि पार्टी तयारीको दिशामा अघि बढ्ने छ । त्यस गतिलाई कुनै हावाहुरीले छेक्नसक्ने छैन ।

***नेपालमा कम्युनिष्ट पार्टीको स्थापनादेखि हालसम्म भएका आन्दोलन, संघर्ष र सशस्त्र युद्ध मार्फत् जनवादी क्रान्तिको कति प्रतिशत कार्यभार पूरा भयो र अब कति बाँकी छ ? यसबारे बताइदिनुस् न ।***

नेपाल अर्धसामन्ती तथा अर्धऔपनिवेशिक मुलुक रहेको हुँदा यहाँको जनवादी क्रान्तिका दुई कार्यभार छन् - जनतान्त्रिक कार्यभार र राष्ट्रियताको कार्यभार । सामन्तवादको नाइके राजतन्त्र हटेपनि नेपाली समाज अर्धसामन्ती अवस्थाबाट मुक्त भएको छैन भने साम्राज्यवाद र विशेषतः भारतीय विस्तारवादको चलखेल अझ बढेको अवस्था छ । नेकपाको स्थापनादेखि हालसम्म भएको आन्दोलन र सशस्त्र युद्धले गणतन्त्र, संघीयता, धर्मनिरपेक्षताजस्ता अंशमा उपलब्धी दिएपनि समग्रमा यो राज्यको प्रतिक्रियावादी स्वरुपलाई बदल्न सकेको छैन ।

***जनवादी क्रान्तिकै वकालत गर्दै आएका अन्य वाम पार्टीभन्दा क्रान्तिकारी माओवादी कुन अर्थमा भिन्न छ ? विचार र मुद्दा मिल्नेहरुसँग ध्रुवीकरण तथा सहकार्यको सम्भावना कस्तो छ ?***

जनवादी क्रान्तिकै वकालत गर्ने केही वाम पार्टीहरु प्रतिक्रियावादी राज्यसत्ताको सरकारमा विराजमान छन् । र संसदको घेराभित्र छन् भने कुनै क्रान्तिकारिताको नाममा बायाँ भड्काउको शिकार छन् । विचार र मुद्दा मिल्ने पार्टीहरुका बीच ध्रुविकरण हुनसक्ने मान्यतालाई हाम्रो पार्टीले स्वीकार गरेको छ तर “व्यवहारबाट सिक” (अंग्रेजी उखान) भनेजस्तै सिद्धान्त र कार्यदिशाबारे समान धारणा नबन्दासम्म कुनैपनि पार्टीसँग हतारमा एकीकरण वा ध्रुवीकरण हुन नसक्ने कुरा व्यवहारबाट सिकेका छौं ।

***क्रान्तिकारी माओवादीमा आएको पछिल्लो विभाजनको समीक्षा कसरी गर्नुभएको छ ? कम्युनिष्ट आन्दोलनमा देखा परिरहने टुट फुट विभाजनको चुरो कारण के हो ?***

क्रान्तिकारी माओवादीमा भएको पछिल्लो विभाजन वस्तुलाई द्वन्द्ववादी तरिकाले नभएर अधिभूतवादी तरिकाले हेर्दाको परिणाम थियो । पूर्व एमाओवादीलाई दक्षिणपन्थी नवसंशोधनवादी पार्टी भन्ने र त्यसैसँग पार्टी एकता अघि बढाउने । त्यसको फाइदा नवसंशोधनवादीहरुले उठाए र पार्टीभित्र तिनका पिछलग्गुहरुले पार्टी फुटाउने राम्रो अवसर भेट्टाए । कम्युनिस्ट आन्दोलनमा देखा परिरहने टुटफूट र विभाजनको मुख्य चुरो दक्षिणपन्थी अवसरवादमा पलायन हुने र नहुनेबीचको द्वन्द्व नै देखिन्छ । हाम्रो पार्टीको पछिल्लो फूटले पनि त्यसलाई प्रमाणित गरेको छ ।

***क्रान्तिकारी माओवादीमाथि अहिले दायाँ र बायाँ दुवै कोणबाट वैचारिक, राजनीतिक आक्रमणहरु भइरहेका छन् । त्यसको प्रतिरक्षा र प्रतिरोध कसरी गर्दै हुनुहुन्छ ?***

क्रान्तिकारी कम्युनिस्ट पार्टीको विकास संघर्षबाटै हुन्छ । हिजोपनि थियो, आज पनि छ र भोली पनि रहहन्छ । जबसम्म समाजमा वर्गहरु रहन्छ, वर्गसङ्घर्ष अनिवार्य हुन्छ । सर्वहारा वर्गीय राजनीति गर्ने पार्टीले जन्मकालदेखि नै दायाँ र बायाँबाट हुने गरेको सैद्धान्तिक र वैचारिक आक्रमण झेल्दै आएको छ । नेकपा (क्रान्तिकारी माओवादी) माथि पनि त्यसप्रकारका आक्रमण भइरहेको छ, त्यो स्वभाविक छ । त्यसप्रकारका आक्रमणहरुलाई परास्त गर्दै अघि बढ्नसक्नु नै क्रान्तिकारी धाराको रक्षा गर्नु हुन्छ । हाम्रो पार्टीभित्र दुई लाइनको संघर्ष चलेको थियो । हामीले दक्षिणपन्थी नवसंशोधनवादीहरुमाथि ठूलो सैद्धान्तिक विजय हासिल गरेका छौं । अबको आवश्यकता भनेको पार्टीलाई मालेमावादको आलोकमा नयाँ ढङ्गले संगठित गरी क्रान्तिका सामु सामन्तवाद, साम्राज्यवाद/विस्तारवाद तथा दायाँबायाँ कोणहरुबाट खडा गरिएका चुनौतिहरुको दृढतापूर्वक सामना गर्दै नयाँ जनवादी क्रान्तिको तयारीतर्फ अघि बढ्नु हो । राष्ट्रिय भेलाले यो दिशामा अघि बढ्न सिद्धान्त र विचारको हिसाबले मार्गप्रशस्त गरेको छ । आगामी फागुनमा सम्पन्न हुने राष्ट्रिय सम्मेलनले यसलाई रणनीतिक एवम् कार्यनीतिक हिसाबले कार्यक्रममा ढाल्नेछ । पार्टी एकतावद्ध भएर अघि बढ्नेछ । यसरी हामीले सिद्धान्तको रक्षा, प्रयोग र विकास गर्नेछौं ।

> यो संविधानले सरकार बनाउने जुन प्रावधान राखेको छ, त्यसले स्थिर सरकारको कल्पना गरेको छैन । फलत: ९ महिना नपुग्दै सरकार परिवर्तनको खेल सुरु भइहाल्छ । त्यो खेलको गोटी चाल्ने दिमाग यहाँको हैन, साउथब्लकमा छ । ”

***पार्टीले अहिलेको पछिल्लो राष्ट्रिय राजनीतिक परिस्थितिको विश्लेषण कसरी गरेको छ ?***

हाम्रो पार्टीले संविधानसभा-२ निर्मित संविधानलाई प्रतिक्रियावादी संविधानको संज्ञा दिएको छ । यो संविधानले सरकार बनाउने जुन प्रावधान राखेको छ, त्यसले स्थिर सरकारको कल्पना गरेको छैन । फलतः ९ महिना नपुग्दै सरकार परिवर्तनको खेल सुरु भइहाल्छ । त्यो खेलको गोटी चाल्ने दिमाग यहाँको हैन, साउथब्लकमा छ । अहिले प्रचण्डलाई प्रधानमन्त्री बनाउन नेका र माओवादी केन्द्रलाई मिलाउने र पुनः नौ महिनापछि देउवा नेतृत्वमा नेका र एमालेको सरकार बनाएर प्रचण्डलाई सिद्ध्याउने खेल पनि हुनसक्छ । दोस्रो, विस्तारवादी भारतीय सत्ताले नेपालमा निकट भविष्यमा हुन लागेको भनिएको चिनियाँ राष्ट्रपतिको भ्रमण रोक्नका लागि यो खेल गरेको पनि हुनसक्छ । तेस्रो, आफू संसदमा अल्पमतमा पर्नेगरी सहयोगी पार्टी माओवादी केन्द्रले सरकारबाट समर्थन फिर्ता लिएपछि नैतिकताको आधारमा ओलीले सरकार छाड्नु पर्दथ्यो । तर लिच्चड बनेर संविधानको कुन चाहिं त्यान्द्रो पकडिएर झुण्डिएको छ । प्रतिक्रियावादी संविधानको करामत हो अहिले मुलुक अनिर्णयको बन्दी बनिरहनु परेको ।

***पार्टीको संयुक्त मोर्चासम्बन्धी अवधारणाबारे प्रष्ट पारिदिनुस् न । त्यसको सम्भावना कस्तो देख्नुभएको छ ?***

हाम्रो पार्टी नेतृत्वमा विभिन्न जनवर्गहरुलाई समेटेर एउटा संयुक्त मोर्चा बनाउने निर्णय गरेको छ । प्रतिक्रियावादी राज्यसत्तासित वैधानिक ढंगले डिल गर्न यस प्रकारको मोर्चा आवश्यक परेको हो । पार्टीले छिट्टै यो समितिको गठन गरेर काम कारबाही अघि बढाउने छ ।

***पछिल्लो समयमा नेपाली कम्युनिष्ट आन्दोलनमा पहिचानको आन्दोलन हावी हुँदै आएको देखिन्छ ? जातीय मुक्ति आन्दोलनप्रतिको क्रान्तिकारी माओवादी दृष्टिकोणबारे बताइदिनुस् न ।***

कम्युनिष्ट आन्दोलन भनेको मानिसले मानिसमाथि गरिने वर्गीय, जातीय, क्षेत्रीय, लिंगीय, भाषिक आदि शोषण उत्पीडन खत्तम गरी वर्गीय राज्य र वर्गसमेत नै खत्तम पार्ने अभियान हो । यो अभियानमा पहिचानको मुद्दा अगाडि आएको हो भने त्यसलाई कम्युनिष्ट दृष्टिकोणबाट हल गर्नुपर्दछ । लथालिङ्ग छोडेर हुँदैन । हाम्रो पार्टीले मधेसी, थारु, आदिवासी जनजातिद्वारा उठाउँदै आएका जायज मागहरुलाई समर्थन गर्ने र त्यस प्रकारका आन्दोलनहरुमा ऐक्यवद्धता जनाउने र तिनलाई वर्गीय मुक्ति आन्दोलनसित जोड्दै पार्टीको स्वतन्त्र पहलमा संघर्ष अगाडि बढाउने निर्णय गरेको छ । ठीक तरिका नै यही हो कि जातीय मुक्ति आन्दोलनलाई कम्युनिष्ट आन्दोलन अर्थात् वर्गीय मुक्ति आन्दोलनसँग जोड्न सक्नु पर्दछ र त्यही काम हाम्रो पार्टीले गर्नेछ ।

***कम्युनिष्ट आन्दोलनमा वर्गीय मुद्दाहरु गौण बन्दै जानुको कारण के देख्नुहुन्छ ?पछिल्लो समयमा किसान-मजदुर आन्दोलनहरुको किन उठान हुन सकिरहेका छैनन् ?***

मजदुर र किसान आन्दोलन उठाउनुपर्ने कम्युनिष्ट भनिएका संसदका ठूला पार्टीहरु आफै सरकारमा बसेकाले तिनले मजदुर र किसान आन्दोलनलाई दिग्भ्रमित पारेका छन् । त्यसको असर सबैतिर परेको छ । तर हाम्रो पार्टीले मजदुर र किसानलाई आधारभूत वर्ग मानेर वर्ग संघर्ष उठाउने नीति लिएकोले अब वर्गीय मुद्दाहरुले विस्तारै आकार ग्रहण गर्नेछन् ।

***क्रान्तिकारी माओवादीले जबस मोर्चामार्फत् राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरुलाई केन्द्रविन्दु बनाएर पार्टीलाई संघर्षमा केन्द्रित गर्न खोजेको देखिन्छ । संघर्षको उठान कसरी गर्दै हुनुहुन्छ ? त्यसबारे बताइदिनुस् न ।***

पार्टीको राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरुलाई जनतासम्म सम्प्रेसन गर्ने अंगहरु भनेको नै जबस मोर्चाहरु हुन् । जबस-मोर्चाहरुले उठाएका मागहरु जनताका सरोकारका मागहरु हुन् । ती मागहरु राष्ट्रियता, जनतन्त्र र जनजीविकासँग गाँसिएका मागहरु हुन्छन् । तिनलाई एकीकृत र केन्द्रीकृत बनाउन आवश्यक हुन्छ । ती मागहरुलाई पार्टीको नेतृत्वमा विभन्न जनवर्गहरुलाई समेटेर बनाइने संयुक्त मोर्चा समितिले संघर्षको कार्यक्रमिक योजना तय गर्नेछ र संघर्ष उठानका लागि जनतामा जानेछ ।

# नेपालको राष्ट्रियतामाथि भारतीय हस्तक्षेपको प्रश्न



हुकुमबहादुर सिंह

भारत र चीनका बीचमा भौगोलिक रूपले अवस्थित नेपाल विश्व साम्राज्यवादका लागि उसको विश्व साम्राज्य कायम गर्ने रणनीतिका दृष्टिमा अति महत्व र सम्वेदनशील देश हो। खासगरी अमेरिकी साम्राज्यवादका लागि चीन उसको विश्व साम्राज्य कायम गर्ने रणनीतिका लागि बाधक छ भने भारतका लागि उसका छिमेकि देशहरू खासगरी श्रीलङ्का, बङ्गलादेश, भुटान,माल्दीभ्स, पाकिस्तानमाथि प्रभुत्व कायम गर्न पनि चीन नै वाधक भएर रहेको छ। हुन त १९७१ मा वर्तमान पाकिस्तान पहिलेको पश्चिम पाकिस्तानबाट वर्तमानको बङगलादेश विगतको पूर्वी पाकिस्तानलाई मुक्तियुद्धको जामा पहिराएर अलग गर्न भारत सफल भयो। यसरी हौसिएको भारतीय शासकवर्गले १९७१मा प्रजातन्त्र र विकासको नाममा सिक्किमलाई भारतमा गाभ्न सफल भयो। अब त्यो परिस्थिति छैन्। चीन विश्वका कुनै पनि देशमा अमेरिकी साम्राज्यवाद र उसका दलाल शक्तिद्वारा गरिने हस्तक्षेप र सैनिक आक्रमणलाई सम्बन्धित देशको आन्तरिक मामला भनेर चुप्प बस्दैन।

अमेरिका चीनलाई कसरी नाकाबन्दी गर्ने र सोभियत संघको अवस्थामा कसरी विघटन गराउने भन्ने रणनीतिमा लागिरहेको छ। चीन कमजोर हुनु भनेको भारतका लागि नेपालमाथिको उसको प्रभुत्व बलियो हुनु हो भन्ने भारतको ठम्याइ छ। त्यसकारण भारतीय शासकवर्ग चीनप्रतिको यो अमेरिकी रणनीतिको कार्यान्वयनमा सहयोगी रहँदै आएको छ। चीनप्रतिको यो अमेरिकी रणनीतिका दुई पक्ष छन् : प्रथम स्वतन्त्र तिब्बतको नाममा चीनबाट तिब्बतलाई अलग कसरी गराउन सकिन्छ, दोस्रो, त्यो सम्भव नभए चीनलाई तिब्बतको मामिलामा कसरी अलमलाउन सकिन्छ। ताकि चीनको द्रुतगतिको आर्थिक प्रगति र विश्वमा उसको बढदै गएको लोकप्रियता र हैकमलाई रोक्न सकियोस्। यो काम उसले एक भारतमा निर्वासित दलाई लामाका समर्थकहरूलाई आर्थिक तथा अन्य सहयोग गरेर चीनका विरूद्ध 'फ्रि तिब्बत'का नाममा धार्मिक तथा मनोवैज्ञानिक युद्ध चलाउने, दोस्रो, नेपालका तिब्बती सिमानमा रहेका बौद्ध धर्मालम्बी लामाहरूलाई दलाई लामाको अन्धभक्त बनाएर, र नेपाल तीब्बत सिमानमा रहेका वौद्ध गुम्बा तथा अन्य बौद्ध स्कुल तथा गुम्बामा आर्थिक चलखेल गरेर।

नेपालको करीब १४०० वर्ग किमि सिमाना चीनको स्वशासित प्रदेश तिब्बतसँग जोडिएको छ। नेपालमाथि भारतको आधिपत्य कायम रहने र तिब्बतलाई चीनबाट अलग गरेर चीनलाई विघटनको संघारमा लैजाने रणनीतिमा अमेरिका र भारत एक छन्। त्यसका लागि भारतले नेपालमाथिको उसको विशेष सम्बन्ध र नेपालमा उसका लागि अनुकूल सरकारको गठन र त्यसको निरन्तरता उसको मूल एजेडा हो र भारत अहिले त्यसमा सफल बन्दै गएको छ। खासगरी अहिले शेरबहादुर देउवा र पुष्पकमल दाहलको नेतृत्वमा पालैपालो नेपालको प्रधानमन्त्री बन्ने निर्णयपछि यो घनीभूत बन्दै गएको छ।

भारत सँधैभरि चीनको विरोधी रहँदै आएको छ। नेपाल उसको एजेण्डामा रहदै आएको छ। प्रथमतः भारतले नेपालको भूमि कब्जा गरिरहेको छ। दोस्रो, नेपालको जलस्रोतमाथिको उसको गिद्दे दृष्टि रहँदै आएको छ, र तेस्रो, नेपालको हरेक पक्षमा उसले विभिन्न दलालहरुमार्फत् आफ्नोहस्तक्षेपकारी भूमिका बढाउदै लगेको छ। विगतमा पनि नेपालको राजतन्त्रलाई आधार बनाएर उसले नेपालमाथि अप्रत्यक्ष शासन गर्दै आयो तर अहिले नेपालमा काम गरिहेका उसका दलाल तथा नोकरशाहामार्फत् नांगोरुपमा सबै काम गर्दै आएको छ। अहिले काठमाण्डौ दिल्लीबाट धेरै नजिक भएको छ। तर पनि यसको यो काममा चीनलाई उसले बाधक देखिरहेको छ।

नेपाल-भारत सम्बन्ध नेपाल र नेपालीका लागि ब्रिटिस भारतको समयदेखि अहिलेसम्म सँधैभरि विवादित रहँदै आएको छ। १०४ वर्षको राणा शासनकालमा मात्रै नभई त्यसको अन्त्य पछिका हरेक राजनीतिक परिवर्तनहरूसँगै भारतले नेपालमाथिको उसको औपनिवेशिक नीतिलाई निरन्तरता दिने खालको 'बिशेष सम्बन्ध' र 'अनुकुल सरकार'मा जोड दिने गर्दै आएको छ र नेपालमा भएका र गरिएका हरेक परिवर्तनकारी आन्दोलनलाई यसले सँधैभरि भारतको अनुकूल हुने गरी समझौतामा टुङ्ग्याउन सफल भएको छ। तर प्रत्येक परिवर्तनपछि उसँगको सम्बन्धमा झनपछि झन जटिलता थपिदै गएको पाइन्छ। सन् १८१६को सुगौली सन्धि र १९५०को नेपाल भारत बीचको शान्ति तथा मैत्री सन्धि आफैमा असमान र विवादित त थिए नै। त्यसपछिका हरेक सन्धि सम्झौता पनि कुनै पनि विवादरहीत भएका छैनन्। राणा शासन, काँग्रेसी शासन, राजाको प्रत्यक्ष शासन, एमाले र माओवादीको नेतृत्वमा सरकार हुँदा पनि नेपाल-भारतबीचका हरेक सन्धि-सम्झौतामा भारतको हैकम चलेकै छ। नेपाल र नेपाली सँधै भारतीय शासकवर्गको आशिर्वादमा रमाउन पर्ने स्थिति रहँदै आएको छ। अहिले माओवादी केन्द्रका अध्यक्ष प्रचण्डको नेतृत्वमा बन्ने सरकार पनि नांगो रुपले दिल्लीको डिजाइनमा काम गर्ने स्पष्ट छ। सन् १८१६ को सुगौली सन्धिदेखि अहिलेसम्म नेपाल-भारत सम्बन्धलाई विश्लेषण गर्ने हो भने सधैभरि ब्रिटिस उपनिवेश भारतको अवस्थाको नेपालको रूपमा स्थानान्तरण गर्ने काम मात्रै भएको छ, भन्दा अन्यथा नहोला। नेपाल-भारत सम्बन्धमा किन यसो भइरहेको छ ?

नेपाली जनताले खासगरी नेपालका राष्ट्रवादीहरूले उसले दशवर्षे जनयुद्धमा उठाएका एजेण्डाहरू र उसले संविधानसभाका दौरानमा दिएका परिवर्तनकारी नाराका आधारमा बहुसंख्यक नेपालीले यदि माओवादी नेतृत्वको सरकार बन्न सक्यो भने उसले नेपाल-भारत सम्बन्धको यो गोलचक्करलाई तोड्ने छ र नेपाल-भारत सम्बन्धले एउटा नयाँ मोड लिनेछ। कम्तिमा पनि सन् १८१६ को सुगौली सन्धिदेखि अहिलेसम्मका हरेक सन्धि-सम्झौताहरूलाई नेपालको यो बदलिएको अवस्थालाई परावर्तन गर्ने गरी नयाँ स्तरमा नयाँ सन्धि-सम्झौताहरू हुनेछन्। यदि त्यसो हुन नसके कम्तीमा पनि माओवादीको सरकारले राणा, राजा, काँग्रेस र एमालेभन्दा माथि उठेर नेपाल-भारत सम्बन्धलाई नयाँ मार्ग कोर्ने खेस्रा नक्सा तयार पार्ने प्रयाससम्म गर्नेछ भन्ने आशा थियो तर नेपाली जनताले आशा गरेझैं हुन सकेन। 'जुन जोगी आए पनि कानै चिरेको' भन्ने नेपाली उखानलाई माओवादी सरकारले पनि निरन्तरता दिन पुग्यो। नेपालको राष्ट्रियताको सवालमा विगतका नेपालका प्रधानमन्त्रीहरूजस्तै प्रचण्ड र बाबुराम दुवै चिप्लिन पुगे। अहिले प्रचण्ड र शेरबहादुरले सरकारमा जानैका लागि नेपालको राष्ट्रियतालाई लोकतन्त्रको नाममा सौदावाजी गर्दैछन्। इतिहासदेखिको आरोपलाई यसले पुनर्पुष्टि गरेको छ। यो स्वयम् प्रचण्डका लागि उनमा लागेको अर्को कालो दाग हो।

सन् १८१६ देखि अहिलेसम्मको नेपाल-भारत सम्बन्धको इतिहासलाई विश्लेषण गर्ने हो भने यसो हुनुका पछाडि प्रथमतः भारतीय शासकवर्गको उसका छिमेकीहरूप्रतिको हैकमवादी प्रवृत्ति र चिन्तन नै हो। दोस्रो, त्यत्तिकै महत्व राख्ने पक्ष नेपालको सन्दर्भमा यहाँका सत्ताधारी खासगरी नेपालको राजतन्त्र र नेपाली काँग्रेसको आफू सत्तामा रहन भारतीय शासकवर्गमाथिको उनीहरूको परनिर्भर राजनीतिको परिणाम हो। पछिका अवधिहरूमा यो सत्तालिप्साको रोगले एमाले र माओवादीमा समेत जरा गाड्दै गएका कारण यो अवस्था भएको हो।

नेपालको राजतन्त्र र नेपाली कांग्रेसले २००७ सालदेखि २०६२/०६३ को जनआन्दोलनको सुरू अघिसम्म कहिले एक्लै र कहिले मिलिजुली सत्तामा रहन देशको राष्ट्रिय अखण्डता र नेपाली जनताको स्वतन्त्रतालाई भारतीय शासकवर्गको अगाडि आत्मसमर्पण गर्दै आएका थिए। २०४६/०४७ को आन्दोलनको सफलतापछि एमाले सत्ताको एक हिस्सा बन्दै गयो र उसले पनि महाकाली सन्धिद्वारा आफूलाई नेपालको राजतन्त्र र नेपाली कांग्रेसभन्दा फरक देखाउन सकेन। २०६२/०६३ को जनआन्दोलनको सफलता र नेपालमा गणतन्त्रको स्थापना पछि पनि माओवादी लगायत नेपालका अन्य राजनीतिक दलमा मौलाउदै गएको परनिर्भरताको राजनीति हावी नै रहेकाले यो प्रक्रियाको निरन्तरतामा कमि आउन सकेन।

नेपाल-भारत सम्बन्ध इतिहासदेखि अहिलेसम्म एक वा अर्को प्रकारले नेपालको सिमामाथिको भारतीय अतिक्रमण, नेपालको जलस्रोत तथा अन्य प्रकृतिक सम्पदामाथिको उसको ठाडो हस्तक्षेपका सवालहरूसँग सधैभरि जोडिदै आएको छ। भारतीय शासकवर्ग यसलाई भारतको राष्ट्रिय सुरक्षासँग गाँसेर हेर्ने गर्दै आइरहेका छन् भने नेपालको अहिलेसम्म त्यसबारे स्पष्ट आफ्नो स्वतन्त्र राष्ट्रिय नीति नै छैन। परिणाम नेपालका राजनीतिक दलहरू र तिनका नेताले यो सवाललाई आफ्नो व्यक्तिगत र दलगत स्वार्थको आधारमा लिने गरेको पाइन्छ। अझै पनि नेपालका केही कम्युनिष्टहरू यसप्रति तुलनात्मक राष्ट्रवादी देखिदै आएका छन् भने नेपाली काँग्रेस, एमाले, वर्तमान माओवादी केन्द्र र मधेसवादी दलहरूले सधैभरि आफूलाई भारतीय शासक वर्गलाई रिझाएर सत्तामा जाने एउटा हतियारको रूपमा उपयोग गर्दै आएका छन्। परिणाम भारतसँग नेपालको राष्ट्रियताको सवाल इतिहासमा सँधैभरि एउटै रहदै आएको छैन। नेपालमा बन्ने सरकारको चरित्रको आधारमा यो फरक फरक रहँदै आएको छ भने भारतमा त्यहाँ बन्ने सरकारको बनावटले पनि यसलाई काफी असर पार्दै आएको छ। भारतको निम्ति नेपालको राष्ट्रियताको सवाल नेपालको भू-राजनीतिक अवस्था र नेपालको प्रचुर जल सम्पदा, तराईको उर्बर जमिन र जंगलको दोहन कसरी भारतको हितको लागि गर्न सकिन्छ, त्यस आधारमा रहने गर्दछ। साथै चीनको नेपालमाथि पर्ने प्रभाव पनि उसको लागि सधै चासोको विषय रहदै आएको छ। नेपालमा चीनको प्रभाव त्यस हदसम्म विस्तार होस्, जुन हदसम्म नेपाल-भारत सम्बन्धमा नकारात्मक असर नपारोस्। ब्रिटिश भारतको औपनिवेशिक नीति नै स्वतन्त्र भारतका प्रथम प्रधानमन्त्री जवाहरलाल नेहरू र तत्कालीन गृहमन्त्री वल्लभ भाई पटेलका तथाकथित राष्ट्रिय सुरक्षासँग जोडिएका अभिव्यक्तिसँग अहिले पनि गाँसिदै आएको छ।

ब्रिटिश साम्राज्यको समयमा मात्रै होइन, स्वतन्त्र भारतको समयमा पनि नेपालको राजनीतिक सत्तासँग यदि सामान्य पनि मतभेद भएमा भारतले यहाँको विरोधी शक्तिलाई प्रजातन्त्रको नाममा सहयोग पुऱ्याउने, उसलाई भारतमा आश्रय तथा राजनीतिक शरण दिएर नेपालमा स्थापित तुलनात्मक रूपले देशभक्त सरकारका विरुद्ध काम गर्न छुट दिने गर्दै आएको इतिहास छ। नेपालको राजनीतिलाई स्थायित्व दिने खालले भन्दा नेपालको राजनीतिमा सँधैभरि अस्थिरताको निरन्तरता नै उसको नेपालप्रतिको रणनीति रहँदै आएको छ। नेपालको राजनीतिमा आफ्ना दलालहरूको वर्चस्व के कसरी स्थापित गरिरहन सकिन्छ भन्नेमा नै भारतीय शासकवर्गको दीर्घकालीन रणनीति रहेको स्पष्ट छ। नेपालमा यदि जनपक्षीय परिवर्तन ल्याउने खालका राजनीतिक परिवर्तन भइहाले भने पनि विभिन्न वाहनामा त्यसलाई निस्तेज पार्न नेपालका शासकवर्गलाई त्यतातिरको मार्ग छाड्न विभिन्न राजनीतिक र आवश्यक परे आर्थिक दवाव दिन पनि पछि नपरेका अनगिन्ति उदाहरणहरू छन्। ब्रिटिश भारतले पनि त विभिन्न समयमा नेपालका अपदस्त शासकलाई आश्रय दिएर तत्कालीन सकारका विरूद्ध सरसहयोग र सल्लाह सुभाव दिएको थियो। बहादुर शाहलाई भारतको वेतियामा दिएको शरण, राजा रणबहादुर शाहलाई दिएको शरण यसका केही उदाहरणहरू हुन्। २००७ सालदेखि अहिले गणतन्त्र स्थापना गर्ने समयसम्म र त्यसपछिका आजसम्म पनि भारत नेपालको आन्तरिक मामलामा यो वा त्यो प्रकारले सिधै जोडिदै आएको छ। नेपालका केहि राजनीतिक दल स्वयमको मानसिकता यति हद्सम्म पूर्वाग्रही देखिदै आएको छ कि नेपालमा गरिने र भएका हरेक घटनालाई भारत विरोधी आँखाले मात्रै हेर्ने गर्दछन्। केहि दलका क्रियाकलाप त यति हदसम्म भारतीय दलाल प्रवृत्तिले ग्रसित देखिएका छन् कि भारतीय शासक वर्गलाई रिझाउन हिन्दी भाषालाई नेपालको राष्ट्रभाषा बनाउनु पर्छ भनेर संसदमै हँगामा मच्चाउने र भारतद्वारा अनगिन्ति ठाउँमा मिचिएका सिमारेखाको नेपाली जनताले तथा राष्ट्रवादी शक्तिले विरोध गर्दा उनीहरूले भारतीय शासकवर्गको समर्थनमा बक्तव्यबाजी गर्ने समेत पछि पर्दैनन्। नेपालमा केही अन्य राजनीतिक दल छन्, जो बोलीमा... बाँकी ५ पेजमा

◆ झर्रोटर्रो ✍ कैलुब्राह

# सरकारी पुलाउ

यतिखेर चन्द्रसमशेर जबराको नाचघर (सिंहदरबार) भित्रको मासु पसलमा नयाँ सरकारी ठेकेदार निर्माणको भतेरका लागि पुलाउ पाकिराखेको छ। पुलाउ पकाउनका लागि सातुसामलको जोहो गर्ने र पकाउने इन्धनको तयारी महाराजगन्ज स्थित कुइरे दरबार तथा लैनचौरको गुजराती दरबारबाट भइरहेको छ। विशेष गरेर गुजराती दरबारले पुलाउमा राख्ने मसलाको सम्पूर्ण व्यवस्था मिलाएको कुरा झर्रोटर्रो श्रोतले फेला पारेको छ। गुजराती दरबारका पानवाला दूत अहिले सिंहदरबार छिरेका व्यापारिक दलहरूका माउनेताहरूको घर, क्वार्टरदेखि अफिससम्म धाउने गरेको छ। आफ्नो अनुमति र योजना विना बनेको उखानप्रसादको सरकारबाट नाराज भएको दक्षिणको गुजराती मुखिया यतिखेर आफ्नो योजना अनुसार पुलाउ पकाउने जिम्मेवारी पाएपछि निकै हौसिएका छन्। पौराणिक कालको महाभारतको लडाइँ आफ्नै भूमिमा भएको र त्यो लडाइँका मुख्य योजनाकार सकुनी पनि गुजरातीकै क्षेत्र आसपासका भएकाले अहिले हिमालय पर्वत क्षेत्रमा नयाँ महाभारत पर्वको रचना गरेर सकुनीको रोलमा तिनै गुजराती मुखिया लागि परेका छन्।

यता सरकारी पुलाउ पकाउन माके दलका सुप्रिमो, चारतारे दलका सभापति र तराईका महिषपालहरू कस्सिएर लागि परेका छन्। त्यसको सहज चाँजोपाँजो मिलाउनेमा खसिको टाउको झुण्ड्याएर कुकुरको मासु बेच्ने पसलका टोली नेता आफ्नो पदलाई दाउमा राखेर लागि परेकी छन्। उनले आफ्नो विवेकले व्यापारको हिसावकिताबमा लाग्न भन्दा पूजनीय धर्मपतिको कानुनी सल्लाह बमोजिम चल्ने गरेको गुनासो सरकारी खान्की खाइराखेकाहरूले लगाउने गरेका छन्। व्यापारिक विषय नै नपढेकी र विगत दसबर्से महाभारतमा ब्रिगेडियर भएर लडेको मान्छेलाई मासु पसलको मुख्य व्यापारी कमाण्डरको जिम्मेवारी दिइनु 'भालुको कम्पारो' सावित भएको उनका कुलघर भित्रका आफन्तहरूले बताउने गरेका छन्। मुख्य व्यापारीले पसलमा सबै साझेदारहरूलाई मिलाएर लैजान स्वतन्त्र भूमिका खेल्नु पर्नेमा उनले आफ्नो कुलगोत्रको पक्षमा मात्र लाग्नु र मैदानबाटै सर्मनाक हार व्यहोरेका धर्मपतिको योजना र निर्देशनमा चल्न थालेपछि उनलाई आफ्नो जिम्मेवारी सम्हाल्न 'मुतको पैरो' भएको बताइएको छ।

एकातिर खाइपाई आएको जागिर एकाएक खोसिनु र अर्कातिर भागबण्डाका बिलभरपाई समेत पास गर्नै नदिएर हटाउन थालेपछि उखानप्रसादले नयाँ बखेडा झिकेर पुलाउ पकाउने योजनाकारहरूलाई पुलाउ पकाउनमा अप्ठ्यारो पारेका छन्। सहज रूपमा नयाँ पुलाउ पाक्छ र हसुर्न पाइन्छ भनेर मुख मिठ्याएर बसेका सुप्रिमोलाई पहिलो गाँसमै ढुङ्गा बनेजस्तो भएको छ। कतै यो पुलाउ नपाकेर पसल नै विघटन हुने त हैन भनेर उनी झस्किएका छन्। उखानप्रसादका सरकारी सल्लाहकार, आफ्नो व्यापारिक दलका केही साझेदारहरू देखि कानून निर्माणका केही सहयोगीहरूसम्मले पसल नै विघटन गर्ने सल्लाह दिने गरेको कुरा पनि खुल्न आएको छ। पसल नै विघटन गरेमा 'नरहे बाँस नबजे बाँसुरी' हुने र पुलाउ पकाउनेहरू उत्तानो पर्ने भएकाले त्यसो पो गर्ने हो कि भन्ने मनसुवा उखानप्रसादले राखेको देखिन्छ। यदि पसल विघटन नगर्ने भएमा पनि सजिलै मुखिया पद नछोड्ने मुड बनाएर उखानप्रसाद बसेका छन्। उनले आफ्नै घरभित्रबाट ठूलो दबाबको सामना गर्नु परेमा मात्र केही न केही उपद्रो गरेर मात्रै मुखिया पद छोड्ने मनसाय रहेको कुरा आफ्ना भित्रियाहरूसँग गर्न थालेका छन्। यसरी पुलाउ पकाउने मामिलामा लफडा परेपछि यतिखेर मासु पसलका टोलीनेताले आफ्नो कार्यकक्षमा सबै व्यापारी सङ्गठनका माउनेताहरूलाई बोलाएर भागबण्डाको मोलतोलमा छलफल चलाएकी छन्।

नाफाघाटाको साझेदारीमा कुरा मिल्न गएको खण्डमा यो जानकारी पत्र प्रकाशित हुँदासम्म नयाँ सरकारी पुलाउ पाक्ने छ। त्यो पुलाउ पकाउने क्याट्रिङको ठेकादारमा माके दलका सुप्रिमो नियुक्त हुनेछन्। विगतमा सरकारी पाले मुखिया कट्वालेलाई हटाउन खोज्दा उनका मालिक दख्खिनका पाटेलले एक सासमा थर्काएपछि आफै जागिरबाट हात धोएका सुप्रिमोलाई फेरी सरकारी ठेकेदारी प्राप्त गर्न फलामको च्युरा सावित भएको छ। सनकमा आएर छँदाखाँदाको जागिरबाट हठात राजिनामा दिएर बाहिरिएका सुप्रिमोलाई यतिबेला फेरी सरकारी ठेकेदार बन्ने तिब्र लालसा जागेको छ। त्यसका लागि अरूले गर्दा अपवित्र हुने गठबन्धन अहिले आफ्ना लागि निकै पवित्र र शुद्ध भन्दै नयाँ गठबन्धन गर्न पुगेका छन्। यहि गठबन्धन पहिला चारतारेदलसँग साँठगाँठ गरेर माकुनेले बनाउँदा सुप्रिमोको शब्दकोषमा अपवित्र थियो र त्यसलाई भत्काउन आफ्ना कार्यकर्तालाई बलिको बोको बनाएर राजधानी लगाएत देशका मुख्य सहरहरूमा छदिने हडताल गर्न उकासेका थिए। अहिले फेरी त्यहि गठबन्धन आफ्नो अनुकूलमा भएपछि पवित्र, शुद्ध र युगको आवश्यकता बनेर व्याख्याइएको छ। जे होस् यतिखेर निकै ठूलो झरी र बर्षदका बिच पनि सरकारी पुलाउ पकाउने धन्दा चलेको छ।

यो देश सदैव बाहिरिया शक्तिको खिचडी, पुलाउ पकाउने र पिकनिक मनाउने थलो मात्र बनेको छ। यसो किन भयो भन्ने प्रश्नको जवाफमा अहिले पुलाउ पकाउन दाविलो समाएर बसेका चारतारेका माऊनेताले भने 'हेर्नुस् हामीलाई आफ्नै बुद्धिले पुलाउ पकाउन पनि आउँदैन, हामीसँग सातुसामल पनि छैन भनेर भन्नलाई। सँधै भिख मागेर सरकारी डाडुपन्यु चलाउनु पऱ्या छ भनेर भनेको। अरूले दिएको खान्की खाएपछि उसको इसारामा चल्नु परेन भनेर भन्नलाई ? कस्तो कुरो नबुझ्या तपैंले।' त्यहि कुरा माकेका सुप्रिमोलाई सोध्दा उनले यस्तो जवाफ दिए 'मने, हाम्रो देशै गरिब छ, गरिब देशका नेता गरिब हुने कुरा स्वतः भैहाल्यो। गरिब नेतको वुद्धि पनि गरिब हुने कुरा भयो भन्ने म ठान्चु। त्यसैले हामीलाई मित्रहरूको सहयोग सुझावको आवश्यक्ता पर्च। मने, अहिले त्यो सहयोग हामीलाई गुजराती भाइले दिइरखेका छन्। यस कुरामा कसैले आपत्ती मान्नु पर्ने कुनै कारण म देख्दिन।' यसकुरामा तराईका महिषपालहरूको तर्क अलि बेग्लै छ। उनीहरू भन्छन् 'गुजराती भाइको सुझाव नमानेर जवर्जस्ती कानुन पास गर्दा देशले नाकावन्दीको सास्ती खेप्नु पऱ्यो। हामी त निमित्त पात्र मात्र थियौं। अहिले हात घुमाएर उही नाक समाउनु पऱ्यो। सोझै समाएको भए यत्रो लफडा पनि हुने थिएन। ढिलै भएपनि गुजराती भाइ सफल भएकोमा उनलाई बधाई छ।'

७ साउन २०७३

kailubraha73@gmail.com

# युरोप आउँदा दशवर्षमा सबैभन्दा असुरक्षित महादेश बन्दै !

काठमाडौं । जर्मनीको म्युनिख शहरमा एक बन्दुकधारीले शुक्रबार अन्धाधुन्ध गोली चलाउँदा १० जना जर्मनको ज्यान गएको छ । बन्दुकधारी जर्मनी नागरिक भएको बताइएको छ र उसले ओलम्पिया सपिङ सेन्टर नजिकै उक्त आक्रमण गरेको छ । आक्रमणमा १६ जना घाइते भएका छन् ।

यो आक्रमण यो वर्षमा भएको पहिलो आक्रमण भने होइन । जर्मनी लगायत युरोपीय मुलुकहरु यस्ता खाले आक्रमणको बारम्बार सिकार हुँदै आइरहेका छन् । एक त विश्वमा युरोपीय मुलुकहरुले आआफ्ना सैन्य क्याम्पहरु स्थापना गरेर त्रासको राजनीति गरेका छन् । र, विश्वलाई नै कज्याएर राखेका पनि छन् । दोस्रो कुरा, स्वदेशमा आफ्ना नागरिकहरुले चाहे अनुसारको स्तरीय जीवनयापनका लागि रोजगारको व्यवस्था पनि गर्न सकेका छैनन् ।

पहिले युरोप सपनाको संसार थियो । तर अहिले युरोप त्रासको घरमा परिणत हुन थालेको छ । अब त विदेशीहरुले आक्रमण गरे, आतङ्ककारीहरुले हमला गरे भन्ने खाले कुरामा पनि ती देशका नागरिकहरुले विश्वास गर्दैनन् । बरु के कारणले युरोपमा बारम्बार त्यस्ता खालका आक्रमणहरु हुन्छन् भनेर जनताले प्रतिप्रश्न गर्न थालेका छन् । म्युनिखमा भएको आक्रमणले यसैतर्फ सङ्केत गरेको पाइन्छ । यो भन्दा अघिको ब्रेइभिक हमलामा ७७ जना मानिस मारिएका थिए ।

पहिले म्युनिखमा भएको आक्रमणको आशङ्काको बाण इस्लामतर्फ फर्काइएको थियो । तर अहिले यो बाण जर्मनीतिर नै फर्किएको छ । त्यहाँका विदेश मन्त्री फ्राङ्क भाल्टले म्युनिख आक्रमणको उद्देश्य प्रष्ट नभएको बताएपछि यसबारेको बहस अन्यत्रै मोडिन पुगेको छ । यो बहस बाह्य कारणहरुसंग नजोडिए‍र बरु आन्तरिक कारणहरुसंग पनि जोडिन पुगेको छ ।

अहिले युरोपमा रहेका आप्रवासीहरु स्वदेश फर्कने तयारीमा जुटेका छन् । स्वयम् युरोपीयहरुले पनि सुरक्षित स्थानको खोजी कहां गर्ने भनी बहसको थालनी गरेका छन् ।

# फ्रान्सको निसका आक्रमणकारीहरु पक्राउ

**एजेन्सी ।** फ्रान्सको निस सहरमा हमला गर्ने आक्रमणकारीहरु पक्राउ परेका छन् । त्यहाँको प्रहरीले जनाए अनुसार नीस शहरमा ट्रकबाट हमला गर्ने मोहम्मद लावेइज़ बूहललसँग जोडिएका पाँच जनालाई फ्रान्सको अदालतमा पेश गरिएको छ । यी पाँचै जनामाथि चरमपन्थीसँग जोडिएको कसुर दर्ज गरिएको छ ।

पक्राउ परेका २२ देखि ४० उमेरका चार पुरुष र एक महिलाको फोन रेकर्डबाट पत्ता लाग्यो कि उनीहरु निरन्तर बूहललको सम्पर्कमा थिए । पक्राउ परेका तीन आरोपी फ्रान्सीसी ट्यूनिशियाई मुलका छन् । यसमा अल्बानीयाका एक दम्पती पनि सामिल भएका छन् ।

# निशानामा अफ्गानिस्तानका हजारौं अल्पसङ्ख्यक



**काठमाडौं ।** अफगानिस्तानको राजधानी काबुलमा भएको दुईवटा ठूला आत्मघाती बम बिष्फोटनमा परी ८० जनको मृत्यु भएको छ भने २३० जना भन्दा बढि घाइते भएका छन् । शनिवार भएको उक्त आक्रमणको दोषी तालिवानलाई देखाए पनि केही समयपछि सो घटनाको जिम्मेवारी आईएसले लिएको छ । यो घटना अफगानिस्तानका अल्पसंख्यक हजाराहरुले शान्तिपूर्वक काबुलमा प्रदर्शन गरिरहेको बेलामा भएको थियो ।

आईएसले उक्त घटनाको जिम्मेवारी लिँदै पहिलेदेखि नै आफूहरुले अल्पसंख्यक हजाराहरुलाई निशाना साँधेको कुरा खुलाएको छ । आफूलाई अत्यधिक विष्फोटक पदार्थले सुसज्जित गरेका आईएसका दुई जना युवाहरुले अल्पसंख्यकको प्रदर्शनमा सो बिष्फोट गराका थिए । अफगान अधिकारीहरुले यसरी किल्लाबन्दी गरिएको राजधानी शहरमा बिष्फोट गराई यति धेरैको ज्यान लिनु राज्यका लागि निकै चुनौति भएको उल्लेख गरेका छन् ।

उक्त प्रदर्शनका आयोजक जवाद नाजीले प्रदर्शन भइरहेका आफ्नो छेवैमा बेला दुईवटा बिष्फोटनको आवाज सुनिएको र वास्तविकता थाह पाएपछि आफू गहिरो शोकमा रहेको बताएका छन् । अन्तर्राष्ट्रिय एजेन्सीहरुबाट प्राप्त समाचार अनुसार यो वर्षमा काबुलमा भएगरेका घटनाहरुमध्ये यो निकै घातक र ठूलो रहेको त्यहांका मानिसहरुले बताएका छन् ।

उता तालिवानले भने यो घटनाको घोर निन्दा एवम् भर्त्सना गरेको छ ।

जानकारी प्राप्त भएअनुसार अल्पसंख्यक हजाराहरुले बामियानको ठूलो क्षेत्रमा रहेका आफ्ना अन्धकार वस्तीहरुमा हजारौं पावर भएका विजुलीका लाइनहरु नजिकैको पहाडी घाटिबाट लगिन लागेको र सो विजुली आफ्ना वस्तीहरुमा जडान गरिदिन यो प्रदर्शनको आयोजना गरेका थिए । बामियान स्थित हजाराका यी वस्तीहरु अहिले सम्म पनि विजुली बत्तीबाट बञ्चित छन् ।

विजुलीबाट बञ्चित यो प्रान्तको बीचौंबीच भागबाट तुर्कमेनिस्थान, उज्बेकिस्तान, ताजिकिस्तान र अफगानिस्तान तथा पाकिस्तानलाई जोड्ने गरी ५०० किलो भोल्टको विजुली लाइन विस्तार गरिँदै छ । यो नै त्यहांको बढि संभाव्य र छोटो दूरी भएको पहाडी मार्ग ठानिन्छ । हजाराका नेताहरुले सरकार आफू अल्पसंख्यकहरुप्रति पूर्वाग्रही भएको र बिछ्याउँदै गरेको लाइनमुनि आफूहरुलाई अन्धकारमा नै जीउन बाध्यपार्ने योजनामा रहेको बताएका छन् । यसै कारणले हजारा अल्पसंख्यकहरुले यति ठूलो प्रदर्शनको आयोजना गरेका थिए ।

हजारा अल्पसंख्यकको यो पनि दावा रहेको छ कि निकै छोटो दूरीबाट यो लाइन बिछ्याउँदै गर्दा सरकारलाई निकै धेरै फाइदा भएको छ । यो फइदा सरकारले जनतासंग शेयर गरोस् ।

हजारा अल्पसंख्यकहरु मंगोलिया तथा मध्यएशियाबाट त्यहां पुगेका हुन् । तिनीहरु शिया स्लामहरु हुन् । पाकिस्तान र अफ्गानिस्तानमा बाक्लो बस्ती रहेका सुन्नीका आंखामा तिनीहरु भिन्न मानिन्छन् । तथापि अफ्गानिस्तानमा भने हजाराहरु तेस्रो ठूलो आदिवासी समूहमा पर्दछन् । यो अल्प संख्यकले अफ्गानिस्तानको १५ देखि २० प्रतिशत जनसंख्याको भार ओगटेको छ । यो अल्पसंख्यक जाति पाकिस्तानको क्वेटा शहरमा पनि बाक्लो गरी बसोबास गरेको छ ।

भनिन्छ हजारा अल्पसंख्यकलाई तालिबान र अल कायदाले पनि विगत १९९० को दशक देखि निशाना बनाउँदै आएका छन् ।

अल्पसंख्यक हजारा स्थानीय कथनअनुसार जेङ्गिज खानका सन्तान तथा सिपाहीहरुका सन्तानहरु हुन् । जेङ्गिज खानले १३औं शताब्दीमा अफगानिस्तानमाथि हमला गरी कब्जा जमाएर शासन गरेका थिए ।

## नेपालको राष्ट्रियता ...

क्रान्तिकारी छन्, भारतीय प्रतिक्रियावादी शासक वर्गको विरोध त गर्छन् तर व्यवहारमा उनीहरूले भारतीय शासकवर्गलाई प्रत्यक्ष र अप्रत्यक्ष रूपले सहयोग र समर्थन पुराउने काम गर्दै आएका छन् ।

यो स्पष्ट छ कि नेपालमा नेपाली कांग्रेस नै अहिले पनि भारतको भरपर्दो र विश्वासिलो राजनीतिक दल हो । यद्यपि अहिले आएर माओवादी केन्द्र, नयाँ शक्ति र केही अन्य मधेसवादी राजनीतिक दलहरूले त्यसको स्थान लिन कोशिस गरिरहेका छन् । नयाँ जोगिले धेरै खरानी घस्छ भनेझैं भारतको विश्वास लिन र प्रधानमन्त्री बन्न अहिले माओवादी केन्द्रले नाङ्गो रूपमा भारतीय शासक वर्गको दलाली गरिरहेको छ । नेपालमा नेपाली कांग्रेस भारतको भरपर्दो र विश्वाशिलो मित्र हुँदाहुँदै २०२८ सालमा लेखेको विपिको आत्मवृतान्तको अध्ययन गर्ने हो भने भारतको निम्ति नेपालमा कुनै पनि राजनीतिक शक्ति वा व्यक्ति स्थायी मित्र वा शत्रु छैनन् र भारतले त्यसमा आफ्नो राष्ट्रिय स्वार्थमा आउने परिवर्तन अनुसार त्यसमा बदलाव ल्याउने काम गर्दै आएको छ भन्ने पुष्टि हुन्छ । साथै यसले के पनि पुष्टि गर्छ भने भारतको नेपालमाथि एउटै स्वार्थ छ, त्यो हो उसले अनेक बहाना बनाएर नेपालको सार्वभौमसत्तालाई आफ्नो कब्जामा राखिरहन चाहन्छ । यो काम उसले नेपालमा विद्यमान दलहरूलाई विभाजन गराउन मद्दत गरेर अथवा आफ्ना भरौटेहरूलाई विभिन्न राजनीतिक दलमा स्थापित गराएर र नेपालको प्रशासनयन्त्रमा आफ्ना दलालहरूको नियुक्ति गर्न दबाव दिएर गर्दछ । नेपालको वर्तमान राजनीतिक अवस्थामा पनि यो स्पष्ट प्रमाणित भएको छ कि एक समय माओवादी र विभिन्न सात संसदवादी राजनीतिक दलहरूको बीचमा १२ बुँदे सम्झौता गराउन महत्वपूर्ण भूमिका खेलेको भारतीय शासकवर्ग कति छिट्टै नेपालको संविधानसभाको सबैभन्दा ठूलो दल माओवादीका विरूद्ध मोर्चाबन्दी गर्न थाल्यो । र, एकीकृत नेकपा माओवादीको सरकारले जब नेपाललाई एउटा स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न देशको रूपमा स्थापित गर्न खोज्यो र नेपाल-भारत सम्बन्धलाई एउटा नयाँ उचाइमा लैजान खोज्यो अनि भारतीय शासकवर्गले माओवादीको त्यो प्रयासलाई निस्तेज बनाउन संविधानसभामा रहेका राजनीतिक दल मार्फत् माओवादी नेतृत्वको सरकारलाई सत्ताबाट हटाउने रणनीतिमा लाग्यो । लोकतन्त्रको नाममा जसरी नेपालका राजालाई पनि उसले त्यसरी नै प्रयोग गर्ने गर्दथ्यो । नेपालका राजाले भारतको त्यस्तो दवावलाई रोक्न र आफ्नो सत्ता जोगाउनका निम्ति बारम्बार गोप्य रूपले भारतीय शासक वर्गसँग अनेक असमान समभौता गरेका थिए र नेपालको कालापानी भारतलाई सुम्पेको इतिहास राजाले आफ्नो सत्तालाई सुरक्षित राख्न गरेको यसप्रकारको एउटा उदाहरण हो, जो अभै ताजै छ । त्यसैगरि भारतीय शासक वर्गलाई खुशी बनाउन नेपाली कांग्रेसले कोशी, गण्डक र एमालेले महाकाली नदी भारतलाई सुम्पेकै हुन् । विगतमा ब्रिटिश भारतले पनि १८१६को सुगौली सन्धि गर्दा नेपालका कैयौं भूभाग भारतले लगेकै थियो र अहिलेको "स्वतन्त्र भारत"का शासकवर्गले पनि त्यहि चाहन्छन्, जसबाट नेपालको प्राकृतिक सम्पदा जल, जंगल र जमिन उसको नियन्त्रणमा जाओस् । यसले पनि विपिको "भारतको निम्ति नेपालमा कुनै पनि राजनीतक शक्ति वा व्यक्ति स्थायी मित्र वा शत्रु छैनन् र भारतले त्यसमा आफ्नो राष्ट्रिय स्वार्थमा आउने परिवर्तन अनुसार त्यसमा वदलाव ल्याउने काम गर्दै आएकोछ ।" भन्ने पुष्टि हुन्छ ।

नेपालमा राणा शासनकालमा र पछि राजाको शासनकालमा ती दुबैको संचालन ब्रिटिस भारत र पछि स्वतन्त्र भारतका शासकबाट चल्दै आयो । १८१६ को सुगौली सन्धि र १९५० को नेपाल-भारत बीचको शान्ति तथा मैत्री सन्धि यसका वलिया आधार बने । आजसम्मका कुनै पनि सरकारले यी दुवै सन्धि असमान छन्, त्यसैकारण यिनको पुनरावलोकन गरिनु पर्दछ भनेर आवाजलाई बलियो गरी राख्न सकेका छैनन् । अहिले एक हदसम्म राष्ट्रिय स्वाभिमान, शान्ति र संविधान सबै वामपन्थी, राष्ट्रवादी, देशभक्त तथा लोकतन्त्रवादी शक्तिहरूको एउटा साभा नारा बन्दै गएको छ, जो आवश्यक मात्रै होइन जरूरी पनि थियो । अहिलेको जनइच्छालाई पूर्ण अभिव्यक्ति दिने भनेको पनि यिनै नाराको कार्यक्रममा रूपान्तरण हो । त्यसैले अहिलेको आवश्यकता भनेको दृढतासाथ यसलाई चालु राख्ने सवाल हो ।

नेपालको सन्दर्भमा प्रमुख सवाल त राष्ट्रिय स्वतन्त्रता, स्वाधीनता र देशभक्तिपूर्ण लोकतन्त्रको स्थायित्वको सवाल हो । आत्मसमर्पणवादी लोकतन्त्र त जनताले अहिले नै पनि देखिरहेका छन्, भोगिरहेकै छन् । हामीलाई चाहिएको राष्ट्रिय स्वतन्त्रता, स्वाधीनताका निम्ति प्रतिरोधपूर्ण लोकतन्त्र हो । सम्राज्यवादी तथा विस्तारावादी उत्पीडन र सामन्तवादी उत्पीडनको अन्त्यको लोकतन्त्र हो । सार्वभौमसत्तासम्पन्न जनताको लोकतन्त्र हो । यसो भएमा मात्रै नेपाल-भारत सम्बन्धमा सधैंभरि पेचिलो रहँदै आएको नेपालको राष्ट्रियताको सवालको समाधान सम्भव छ ।

hukumsingh2012@yahoo.com

# थारु र किराती मोर्चाको अपील

**काठमाडौं ।** हालै छुट्टा छुट्टै अपील जारी गर्दै नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल किराती राष्ट्रिय मुक्ति मोर्चा र अखिल नेपाल थारु राष्ट्रिय मुक्ति मोर्चाले वर्तमान संविधानले उत्पीडित जातिहरुको अधिकारलाई निषेध गरेकोले उत्पीडित जातीय पहिचानसहितको संघीयता स्थापनाका लागि गरिने संघर्षका लागि तयार रहन आ-आफ्ना समुदायमा अपील गरेको छ । अपीलको अन्त्यमा अकिरामुमोको राष्ट्रिय भेला साउन २९-३० मा सुनसरीको इटहरीमा सम्पन्न गर्ने जनाइएको छ भने अथारामुमोको भेला साउन २६-२७ मा बुटबलमा आयोजना गर्न लागिएको जनाइएको छ ।

अकिरामुमोका संयोजक टंकमणि राई र अथारामुमोका संयोजक सुर्यनारायण चौधरीले जारी गरेको अपीलमा भनिएको छ, "नेपाली जनताका बलिदानी पूर्ण संघर्ष १० वर्षे जनयुद्ध, ऐतिहासिक जनआन्दोलन २०६२/०६३ आदिवासी जनजाति आन्दोलन, मधेशी विद्रोह, दालित, महिला, मुस्लिम आन्दोलन लगायत विभिन्न उत्पीडित जाति वर्ग लिङ्ग समुदायको आन्दोलनको परिणाम स्वरुप जनताले आफैले आफ्नो संविधान निर्माण गर्ने अवसर लगभग ६ दशक पछि २०६४ सालमा प्राप्त भयो । त्यस संविधान सभामा उत्पीडित आदिवासी जनजाति, मधेशी दलित, महिला तथा अग्रगामी विचार बोकेको राजनीतिक पार्टीहरुको दुई तिहाइ बहुमत भन्दा बढी रहेको थियो । उक्त संविधान सभाले संविधान निर्माण गरेको भए अग्रगामी संविधान प्राय निश्चित थियो । त्यसैले पहिलो संविधान सभालाई पश्चगामी र यथास्थितिवादीहरुले षड्यन्त्र मूलक ढंगले विघटन गरी वाहालवाला प्रधानन्यायधिशको नेतृत्वमा असंवैधानिक अलोकतान्त्रिक, निर्दलीय सरकार गठन गरी सेनाको घेरामा संविधान सभाको कथित दोस्रो निर्वाचनको मञ्चन गरियो । त्यस सभाले जनयुद्ध, जनआन्दोलन, आदिवासी जनजाति, आन्दोलन मधेशी विद्रोहले उठाएका मुद्दाहरु पहिचानसहितको स्वाशासनमा आधरित संघीयता धर्मनिरपेक्षता, लोकतन्त्र, गणतन्त्र, समानुपातिक समावेशी प्रतिनिधित्व श्रमजिवी जनताको गाँस,बाँस, कपास, स्वस्थ्य, शिक्षा, रोजगार र सामाजिक सुरक्षा विषयहरुलाई वेवास्ता गर्दै, अन्तरिम संविधान २०६३ भन्दा प्रतिगामी संविधान २०७२ मा एक थान जारी गरेको छ । उक्त प्रतिगामी संविधान घोषण हुनु अगावैदेखि त्यो संविधानको विरुद्धमा किराती, थारु, मधेशी, आदिवासी जनजाति लगायत अग्रगामी विचार बोकेको राजनीतिक पार्टी ने.क.पा. क्रान्तिकारी माओवादीले संविधान घोषण भएकै दिन दहन गरेको थियो । प्रतिगामी संविधानको खारेजी र आफ्नो पहिचानसहितको किरात प्रदेशका लागि शान्तिपूर्ण शसक्तरुपमा आन्दोलित भएको थिए । संविधान सभाले जारी गरेको बेनामे प्रदेश हामी किरातीले किन्चित स्वीकार्य छैन । त्यसैले यो संविधान अविलम्ब खारेज गरी पहिचानसहितको किरात/थारु राज्य ग्यारेण्टी भएको अग्रगामी संविधान निर्माणका लागि जस्तोसुकै आन्दोलन गर्न पनि किरातीहरु/थारुहरु तयारी अवस्थामा रहनु पर्दछ ।"

प्रतिगामी संविधान-खारेज गर, पहिचान सहितको संघीय संविधान- निर्माण गर, किरातहरु/थारुहरुको पहिचानसहितको किरात/थारु प्रदेश(राज्य)- घोषण गर, राज्यको सम्पूर्ण अंग र तहमा किरातीहरु/थारुहरुको समानुपातिक प्रतिनिधित्वको- सुनिश्चित गर, संयुक्त राष्ट्र संघीय घोषणा पत्र र आई.एल.ओ. १६९- कार्यन्वयन गर, राष्ट्रिय स्वाधिनताको- रक्षा गरौं, महंगी, भ्रष्टचार, कालोबजारी, तस्करीको -अन्त्य गरलगायत नाराहरु सो अपिलमा उल्लेख गरिएको छ ।

# प्रगतिवादी साहित्य



मनोहर लामिछाने

## पृष्ठभूमि

समाजको विकाससँगै लेखनकलाको विकास हुँदै वर्तमानसम्म साहित्यका बारेमा व्यापकरूपमा चर्चा परिचर्चा हुने गर्दछ । प्रारम्भमा समाजको गति प्रदान गर्नका लागि लेखिएका श्रुति स्मृतिहरू नै साहित्य भन्ने गरियो । यसरी लेखिएका विषयवस्तुहरूले सामाजिक रीतिथिति बाँध्न सजिलो देखिँदा शासकहरू स्वयम्ले आफ्नो वर्ग स्वार्थ अनुरूप आफ्नो प्रभुत्व कायम राख्न विद्वान वा लेखकहरूलाई तदनुरूपका साहित्यहरू सिर्जना गर्न लगाएको पाइन्छ । समाज एकनासले चल्न सक्दैन । सामाजिक गति आफ्नै तरिकाले परिवर्तन भई नै रहन्छ । सामाजिक अन्तरविरोध र अन्तरसंघर्षको प्रतिछाँया साहित्यमा पनि पर्ने भएको हुँदा मूलरूपमा परम्परापत साहित्य र प्रगतिवादी साहित्यको भिन्न स्वरूपले आ-आफ्नो क्षेत्रमा स्थापित हुँदै गएको देखिन्छ ।

समाज निर्माण सँगसँगै सामाजिक अन्तरसंघर्षले समाजमा विभक्त २ वर्गका आ-आफ्नै वर्गीय स्वार्थअनुरूप भएका विविध क्रियाकलापहरू मध्ये साहित्य सिर्जना पनि एउटा हो । लामो समयसम्म प्रभुत्वमा रहेको शासकीय सोच, व्यवस्था, विश्लेषण, मूल्य मान्यता आदर्शलाई ध्वस्त पार्न चुनौतिपूर्ण कार्य थियो । लामो समयसम्म शासन गरेका र शासन गर्न प्रेरित गरेको एउटा वर्गले आफ्नो वर्ग रक्षाका लागि साहित्यमा प्रयोग गरेका वाद, सिद्धान्त प्रवृत्तिलाई विभिन्न कालखण्डमा भिन्न कित्ताका सोच र आदर्शलाई निस्तेज पार्नका लागि आफ्ना पुराना सोच, मान्यतामा परिमार्जन वा रूपान्तरण गरी अन्याय अत्याचारका विरुद्धमा लाग्ने ठूलो वर्गलाई अल्मल्याउन प्रयास गर्दागर्दै पनि नसक्दा विश्वमा भएका ठूला-ठूला सामाजिक, राजनैतिक परिवर्तनमा प्रगतिवादी साहित्यले महत्वपूर्ण भूमिका निर्वाह गरेको पाउँदछौँ । निश्चित सानो वर्गले बहुसंख्यक वर्गलाई काबुमा राख्न गरेको प्रयासलाई विफल तुल्याउन प्रगतिवादी साहित्यले खेल्ने गरेको भूमिका नै वर्तमानसम्म चर्चा परिचर्चाको विषय बन पुगेको छ । यतिमात्र होइन समाज रूपान्तरण र परिवर्तनमा प्रगतिवादी साहित्यले अग्रदस्ताको भूमिका निर्वाह गर्ने कुरालाई स्वीकार्न बाध्य पारेको पाइन्छ । यो सानो आलेखमा सुक्ष्मरूपमा प्रगतिवादी साहित्यका बारेमा चर्चा गर्ने प्रयास गरिएको छ ।

## के हो प्रगतिवादी साहित्य

बुर्जुवा वा परिवर्तनका विरोधीहरूले साहित्यमा प्रगतिवाद स्वीकार्दैनन् । केबल साहित्यका लागि, मनोरञ्जनका लागि भन्दै यथास्थितिको साँघुरो वृत्त वरिपरि मात्र साहित्यको विषयवस्तुका् छनोट गर्दछन् । साहित्यबाट समाजको रूपान्तर उनीहरूबाटै कल्पनाभन्दा बाहिरको विषय हो । त्यसको विपरीत साहित्यबाट समाज रूपान्तरण हुन्छ भनी अपेक्षा गर्नेहरूको मत भने बेग्लै छ । उनीहरूका अनुसार समाजमा हुने तमाम अन्तरविरोधले समाजमा वर्ग विभक्त हुने गर्दछ । हुने र नहुने, काम गर्दा पनि खान नपाउने र काम नगरी खाने वर्गहरू विद्यमान हुन्छन् । यस्ता वर्गहरू बीच रहेका उपवर्गहरूका पनि आ-आफ्नै वर्ग स्वार्थहरू रहको पाइन्छ । समाज विकासको लामो कालखण्डमा निर्मित राज्यका शासकीय स्वार्थले समाजको ठूलो शक्ति उपेक्षित र अपहेलित हुँदा साझा प्राकृतिक स्रोत साधनबाट समेत उपेक्षित बन्नपुग्दछ । त्यस्तै शासकीय सोचको उदासिनताका कारण क्षेत्र, लिङ्ग, जाति पनि उपेक्षित बन्नपुगेको हुन्छ । यसरी उपेक्षित वर्गहरूले विभिन्न कालखण्डमा उठाइएका न्यायपूर्ण आवाजलाई दमन, शोषण, उपेक्षा, व्यङ्ग्य गर्ने एउटा वर्ग र त्यसका विरुद्ध लाग्ने अर्को वर्गको द्वन्द्व वा अन्तरसंघर्षमा तमाम न्यायप्रेमी जनताको मुक्तिको बाटो देखाउने साहित्य नै प्रगतिवादी साहित्य हो । वर्तमानको यथास्थितिको सट्टा अगाडि बढ्न प्रेरणा दिने विचार बोकेको साहित्य नै प्रगतिवादी साहित्य हो । वर्तमानको जातीय, क्षेत्रीय, लिङ्गीय जस्ता तमाम विभेदको अन्त्यका लागि द्वन्द्वात्मक भौतिकवादी मूल्य मान्यता आदर्शले प्रेरित मार्क्सवाद उन्मुख सबैखाले प्रतिरोधको आवाजलाई समर्थन गर्दै समाजमा हुने गरेका असमानता एवम् शोषणा विरुद्धको लडाईंलाई मलजल पुऱ्याउँदै अग्रगमनको पथ प्रदर्शन गर्नु नै प्रगतिवादी साहित्यको मूल लक्ष्य हो ।

वर्तमानको यथास्थितिको सट्टा अगाडि बढ्न प्रेरणा दिने विचार बोकेको साहित्य नै प्रगतिवादी साहित्य हो ।

प्रगतिवादी साहित्यले वर्तमान समाजमा कसरी मानिसहरूको विभेद र शोषणको जालो रहेको छ र उक्त जालोलाई च्यात्न गरिने प्रयत्नको बाटो देखाउने कार्य पनि हो । समाजमा व्याप्त विविध शोषणको पक्षपोषकहरू को-को हुन् ? तिनीहरूको राष्ट्रिय र अन्तर्राष्ट्रिय मित्र शक्तिहरू को हुन् ? शोषणका रूपहरू कसरी फेरिएका छन् ? जनहितका नाममा कसरी प्रतिक्रियावादीहरूले भ्रमजाल सिर्जना गरिरहेका छन् । यस्ता तमाम प्रश्नहरूमा प्रगतिवादी साहित्यले चिरफार गर्ने कार्य गर्दछ । त्यस्तै अन्तर्राष्ट्रिय सर्वहारा वर्गको अन्तरसम्बन्ध कस्तो हुनुपर्दछ । यस्ता अन्तरसम्बन्धले अन्तर्राष्ट्रिय सर्वहारा वर्गको उत्थानमा के कस्तो भूमिका खेल्न सकिन्छ । विश्व सर्वहारा वर्गको भूमका के हो ? वर्ग संघर्षको दर्शन र उक्त वैज्ञानिक दर्शन कार्यान्वयनको विधि र प्रक्रियाबाट जनताको अधिनायकत्व कसरी स्थापना गर्न सकिन्छ । जस्ता विविध विषयवस्तुहरू प्रगतिवादी साहित्यका प्रारूप हुन् । यसका साथसाथै साम्राज्यवादी शक्तिहरू र तिनका दलालहरूले नयाँ पुस्तालाई कसरी भ्रष्ट्रीकरणका प्रयास गरिरहेका छन् यी सबैको चिरफार गर्दै भविष्यका लागि के गर्नुपर्ने जस्तो पथ प्रदर्शनमा लेखिने साहित्य नै प्रगतिवादी साहित्य हो ।

## प्रगतिशील र प्रगतिवादी साहित्य

प्रगतिशील र प्रगतिवादी एउटै जस्तो देखिए पनि यी दुवैका बीच भिन्नता रहेको छ । वर्तमानको प्रचलित अवस्थाभन्दा पृथकरूपमा वा समुन्नत सोच नै प्रगतिशीलता हो । समाजमा विद्यमान वर्गमध्ये एकथरि यथास्थितिमै रमाउने वर्ग हुन्छ भने त्यसको उल्टो वर्तमानका कुरीति, विसङ्गतिका विरुद्ध आफूलाई उभ्याउँदै अग्रगमनको यात्रामा लेखिएको साहित्य प्रगतिशिल साहित्य हो । समाजमा रहेका असमानता, कुरीतिको कारक अदृश्य शक्ति स्वीकार्ने, परम्पराको नाममा सामाजिक कलङ्कलाई छोड्न नसक्ने जस्ता कुरामा विश्वास नगरी समाजलाई यथास्थितिभन्दा अग्रगमनमा लैजाने सोच चिन्तन नै प्रगतिशीलता हो । त्यस्तो चिन्तनयुक्त साहित्य सिर्जनालाई प्रगतिशीलता हो । त्यस्तो चिन्तनयुक्त साहित्य सिर्जनालाई प्रगतिशील साहित्य भनिन्छ । प्रगतिमा वाद उपसर्ग लगाउँदा बनेको प्रगतिवाद भने मार्क्सवादी मूल्य मान्यता आदर्शबाट लेस भएर द्वन्द्वात्मक भौतिकवादी आदर्शयुक्त लेख रचनाहरू सिर्जन हुन पुग्दछन् । जुन सिर्जनाको ध्यय समाज रूपान्तरण वा परिवर्तन हो । अर्थात् बहुसंख्यक गरिब, किसान, मजदुर वर्गको राज्यसत्ता स्थापनाको लक्ष्य प्राप्ति रहेको हुन्छ । सबै प्रगतिशील सिर्जनाहरू मार्क्सवादी दर्शन अनुरूप भौतिकवादी सिद्धान्तले युक्त नहुन सक्दछन् । साथै सुधारवादीहरू प्रगतिशील हुन सक्दछन् तर प्रगतिवादी नहुन पनि सक्दछन् । तर प्रगतिवादी लेख रचनाहरू भनेको नै मार्क्सवादी दर्शनको द्वन्द्वात्मक भौतिकवादी र ऐतिहासिक भौतिकवादको विश्लेषणभन्दा पृथक हुँदैनन् । अतः प्रगतिवादी साहित्यले मार्क्सवाद सम्मत समाज रूपान्तरणको अपेक्षा राखेको हुन्छ ।

## प्रगतिवादी साहित्यको भूमिका

वर्तमानमा थोपरिएको उपभोक्तावादी संस्कार, संस्कृति, प्रकृतिले हाम्रो सामाजिक अवस्था अन्यौलग्रस्त बनाउँदै छ । ठूलो मात्रामा युवाशक्ति श्रम बेच्न विदेशिँदा भित्रिएको रेमिटेन्सले केही फाइदा जस्तो देखिए पनि प्रगतिवादी आन्दोलन र साहित्यमा अभिरूची घट्दो अवस्थामा रहेको छ । त्यसरी विदेशबाट प्राप्त रकम पनि बहुराष्ट्रिय कम्पनीका उत्पानमा अनुत्पादकरूपमा खर्च हुन गई श्रम प्रतिको आस्था, विश्वास, प्रवृत्ति दिनानुदिन ह्रास भइरहेको छ । राष्ट्रिय स्वाधिनता र द्वन्द्वात्मक भौतकवादी आन्दोलनहरू शिथिल हुने अवस्थामा छन् । परिवर्तनका संवाहकहरूको भनाइ र गराइमा एकरूपता छैन । अतः यस्तो अवस्थामा प्रगतिवादी साहित्यको अहम् भूमिका रहन्छ । जुन सिर्जनाले श्रमप्रतिको सम्मान, विश्व भाइचाराको वर्गीय पहिचान, उत्थान र न्यायपूर्ण आन्दोलनमा सचेतपूर्वक उपस्थिति हुन प्रेरण दिनुपर्दछ । जसरी वर्गदृष्टिले विगतमाा खेलेको भूमिकाभन्दा वर्तमानमा अझै सशक्तरूपमा प्रगतिवादी सिर्जना हुने साहित्यको खाँचो टड्कारो देखिन्छ ।

## संशोधनवादका विरुद्ध प्रगतिवाद

जब मार्क्सवादी मूल्य, मान्यता दर्शनलाई यो र त्यो बहाना बनाउँदै द्वन्द्वात्मक भौतिकवादी आन्दोलनबाट क्रमशः च्युत हुँदै वर्ग संघर्ष र बल प्रयोगको सिद्धान्तलाई तोडमोड गर्दै संशोधनवादलाई अंगाल्न पुग्दछन् तब त्यसका विरुद्ध राजनैतिक र साँस्कृतिकरूपमा प्रगतिवादी सिर्जनाहरूले आफ्नो वर्ग कित्ताको उत्थानका लागि सशक्तरूपमा अगाडि बढ्नुपर्दछ । ख्याल गरौँ संशोधनवाद पनि त्यतिकै चुप लागेर बस्दैन । उसले पनि आफ्नो अनुकूलताको साहित्य सिर्जना गरेर हदैसम्मको भ्रम सिर्जना गर्न पुग्दछ । त्यसैले प्रगतिवाद र संशोधनवाद बीच चलिरहने संघर्षमा संशोधनवादका विरुद्ध प्रगतिवादी कलमजीवीहरू अनवरवत लागिरहनुपर्दछ । जसको परिणाम प्रगतिवादीहरूको विजय र संशोधनवादीहरूको पराजय सुनिश्चित रहनजान्छ ।

## वर्तमानमा प्रगतिवादी चुनौती

कम्युनिस्ट आन्दोलनको विकासमा प्रगतिवादको भूमिका महत्त्वपूर्ण हुन्छ । जुन आन्दोलन निशिचत मूल्य मान्यता आदर्शबाट प्रेरित हुँदै समाज विज्ञानको वैज्ञानिक नियमले परिचालित हुन्छ । कम्युनिस्ट आन्दोलन जति सशक्त रूपमा अगाडि बढ्छ । प्रगतिवादी साहित्यिक आन्दोलन त्यति नै सशक्तरूपमा अगाडि बढ्दै निश्चित दिशा र गति दिन सहयोग गर्दछ । जब कम्युनिस्ट आन्दोलनमा चुनौतिहरू थपिँदै जान्छन् र शिथिलता पैदा हुन्छ त्यस्तो बेला संशोधनवादीहरू सलबलाउन थाल्दछन् । संशोधनवादीहरूलाई नङ्ग्याउन बढी क्रियाशील हुनुपर्दछ । त्यो नै प्रगतिवादको वर्तमानको चुनौति हो । यस्तै साम्राज्यवादी, प्रतिक्रियावादी, उत्तर आधुनिकतावादी, नव संशोधनवादीहरूका भ्रमलाई चिर्दै जनताका न्यायपूर्ण आन्दोलनका समर्थनका लागि श्रमजीवि जनतालाई गोलबद्ध गर्नसक्नु प्रगतिवादको चुनौति हो । औचित्यतापूर्ण पुस्टयाईं र समर्थन प्रगतिवादी साहित्यले गर्न सक्नुपर्दछ । विदेशी हस्तक्षेप लगायत साम्राज्यवादीका अपवित्र गठबन्धनलाई भण्डाफोर गर्नसक्नु नै प्रगतिवादी साहित्यका चुनौति हुन् ।

## निष्कर्ष

जबसम्म राष्ट्रिय स्वाधिनता र न्यायपूर्ण आन्दोलन चलिरहन्छ, त्यस्तो आन्दोलनले साम्राज्यवादी एवम् स्वदेशी प्रतिक्रियावादीसँगै संशोधनवादका विरुद्धको युद्धमा न्यायप्रेमी जनतालाई गोलबद्ध गर्ने राजनैतिक शक्ति रहन्छ तबसम्म प्रगतिवादी साहित्यको सिर्जना भई नै रहन्छ । जबजब राष्ट्रिय स्वाधीनताका लडाईंहरू कमजोर हुन्छन् । स्वदेशी एवम् विदेशी प्रतिक्रियावादी शक्तिहरूका विभिन्न भ्रमजालहरूले जनतालाई भ्रम दिई नै रहन्छन् । तबतब न्यूनतमरूपमा भए पनि द्वन्द्वात्मक भौतिकवादी विचार रक्षाका लागि क्रियाशील हुनु र जनतालाई संगठित गरिने प्रयासको एउटा पाटो प्रगतिवादी साहित्य हो । संशोधनवाद, नवसंशोधनवाद, जनताका प्रतिध्रुवीय कित्ताको भण्डाफोर गर्न प्रगतिवादी साहित्य अग्रसर हुनैपर्दछ । यसरी मार्क्सवाद वैचारिकधारलाई जीवन्त राख्न प्रगतिवादीहरू सशक्तरूपमा संगठित हुँदै द्वन्द्वात्मक भौतिकवादी सिद्धान्तलाई सचेतपूर्वक अवलम्बन गर्दै प्रगतिवादी साहित्यको अपरिहार्य छ । त्यसैमा लाग्नु युगको माग हो ।

कविता

## हाम्रो दुर्गती र नेताहरुको मति



■ इन्दिरा अधिकारी

प्रकृति मानवसँग रिसाएको बेला
सक्दैन विज्ञानले गर्न सामना
बाढी र पहिरो र दैवी प्रकोपको नाममा
नबगिऊँ, नडुबिऊँ, नपुरिऊँ केवल गरौं कामना
केही गर्ने सोच, आँट, हिम्मत छैन कसैमा
भागबण्डाको खेलमा नीति निर्माण र
दूरदर्शिताको भिजनहरु मरिसके सबैमा
सुख सयल सुविधाभोगी शक्तिको आडमा
छटपटाइरहेको पीडामा समाजका पीडादायी
वेदनाहरु सुन्न ध्यान छैन यिनीहरुलाई भन्नुपर्छ सारामा
अवोध बालकदेखि वयोवृद्धसम्म बगेका छन् यही धर्तीमा
देख्न र सुन्न पाएका छौं करुणादायी रोदनहरु
बग्दै र पुरिंदै गरेका निश्चल ती आत्माहरु
बस्तीबस्तीबाट निस्किएको आवाज यहाँ गुञ्जिदैछ ।
'बचाऊ' हामी बाँच्न चाहन्छौं भन्ने चित्कार सुनिंदैछ ।
खै कहाँ लुकेर बसेका छन् तिनी निर्माणकर्ताहरु
केका लागि वकालत गरिरहेका छन् महान् भनिने वक्ताहरु
तिनै गरिब दुःखी झुपडीका कथा र व्यथासँग
खेल्दै रमाउँदै सिंढी चढेका छन् तिनकै रगत र पसिनामा
पीडादायी तस्विरहरु देखाई भिख माग्ने गर्छन् लम्पसार परी
तिनका नाममा मागेको भिखले जोडेका छन्
सम्पत्ति पुस्तौं पुस्तालाई पुग्नेगरी
तैपनि यिनै बन्छन् ठूला राजनीतिकर्मी
प्रष्टै देख्न सकिन्छ यिनका कार्यहरुमा
छलकपट र अधर्मी
राष्ट्र र जनताको छैन यिनलाई माया भने
जनता र राष्ट्रका नायक यिनलाई किन मान्ने
एकदिन यस्तो दिन आओस् ती बग्दै गरेका
पुरिंदै गरेका चित्कारहरुले कहिल्यै नफर्किने गरी चपाएर
निलिदेओस्
पुराना कुरिती, संस्कृति र विकृतिहरुलाई
ध्वस्त पार्दै मेची र महाकालीमा बगाई देओस्
सबै उत्पीडित जनताहरुलाई समेट्ने
राष्ट्रियतामा रमाउने नयाँ नेपालको
निर्माण गरिदियोस् ।

## लामो अभियान

■ क. माओ त्से तुङ

भयभित हुँदैनन् लालसेना
लम्बे अभियानको कठिन परीक्षादेखि
एक चुट्कीमै नियन्त्रण गर्दछन् उनीहरु
दशौं हजार पर्वत र प्रचण्ड वेगवान नदीहरुलाई
पाँच शिखरहरु पनि उनको लागि
मद्धिम हावामा छोटा-छोटा लहरहरु समान,
तेजस्वी वुमे[1] पनि सुतिदिन्छ
माटोको डल्ला जस्तै
सोनावालु[2] को जलको काखमा
ठि उभिएका दुर्गम चट्टानहरु गरम लाग्दछन्
चिसो भान हुन्छ
तातु नदीको वारपारका फलामका जंजीरहरु ।

मिनशान[3] पर्वतमालाको बीच
हजारौं माइलको वर्फिलो बाटो
पार गरिन्छ हाँस्दै र गाउँदै
मार्च गर्दै हिंड्छन् तीनवटै सेना[4]
र, चम्कन्छन् रक्तकणहरु प्रत्येक अनुहारका ।

अक्टुवर, १९३५

**नोट :**

१- वुमे :युनान र क्वेइचओ बीचको पर्वतमाला ।
२- सोनावालु :याङ्त्सी नदीको माथिल्लो तटीय क्षेत्र ।
३- मिनशान :सेचुआन र काँन्सु प्रान्तको बीचमा फैलिएको पर्वतमाला ।
४- तीनवटै सेना लालसेनाको पहिलो, दोस्रो र चौथो मोर्चा फौज ।

**अनु- पाण्डव थापा**

# माओवादी एकतामा रहेको भ्रम र वास्तविकता



अमृतबहादुर घर्ति मगर
'आभाष'

नेकपा (क्रान्तिकारी माओवादी) विभाजन गरी हिजोका विभाजित माओवादीहरु बीचमा एकता भएको देखियो । बढाई चढाईका साथ एकता गरिएको छ । बढाई चढाई एकताको तात्पर्य तथ्याङ्कमा विगतमा ६ माओवादी थिए भने एकतासम्म आउँदा तिनै माओवादी १० वटा हुन पुगे ।

एकता अधिवेशन सम्पन्न गरी महाधिवेशनको तिथि मिति पनि तोकिएको अवस्था छ । यो एकतालाई लिएर यसलाई माओवादीवृतमा बुझ्ने र विश्लेषण गर्ने कुरामा आ-आफ्नो कोण देखिएका छन् । तर दुनियाँलाई बुझ्ने वा बदल्ने कुरा गर्दा सबभन्दा पहिले दर्शनको आवश्यकता पर्दछ । त्यो भनेको द्वन्द्ववाद हो । विशुद्ध द्वन्द्ववाद मात्र पनि होइन, ऐतिहासिक द्वन्द्वात्मक भौतिकवाद हो । यस लेखमा द्वन्द्ववादमा आधारित रहेर नै एकताको बारेमा बिश्लेषण गर्न खोजिएको छ ।

मार्क्सवादको सामान्य जानकारी राख्ने मानिस समेतले द्वन्द्ववादको अध्ययनका साथै बुझ्ने र बदल्ने कुरालाई आत्मसात गरेको हुन्छ, हुनुपर्दछ । द्वन्द्ववादले दिएको शिक्षाको आधारमा विश्लेषण गर्दा हालैको माओवादी एकतामा दुई कुरा रहेको देखिन्छ । त्यो भनेको भ्रम र वास्तविकता हो ।

हालै सम्पन्न तथाकथित माओवादी एकतामा भ्रम र वास्तविकता दुवै छन् । भ्रम अलि बढी छ भने वास्तविकता अलि कम छ । क्रान्तिकारीहरुले चाहने एकतामा भने बास्तविकता बढी र भ्रम कमी हुने गर्दछ र हुनुपर्दछ ।

माओवादी पार्टी एकतामा नेता, कार्यकर्ता, समर्थक र शुभचिन्तक सबैमा भ्रम र वास्तविकता दुवै रहन गएको छ । तर सबैमा भ्रम र वास्तविकता समान छैन । कसैमा भ्रम बढी छ, कसैमा वास्तविकता बढि छ । नेताहरुमा वास्तविकता बढी र भ्रम कम रहेको हुनपर्दछ भने कार्यकर्तामा वास्तविकता कमि र भ्रम बढि रहेको पाईन्छ । नेता र कार्यकतामा पनि विभाजन छ । नेताहरु इमान्दार र अवसरवादी दुवै छन् । नेताहरु बढी अवसरवादीहरु छन् भने इमान्दार कम देखिन्छ । कार्यकर्ताहरुमा इमान्दारिता बढी र अवसरवाद कम पाइन्छ ।

नेता तथा कार्यकर्ताले एकले अर्कोलाई जित्ने सपना देखिरहेका छन् । इमान्दार नेता र अवसरवादी नेतामा रहेको भ्रम पनि फरक छ । नेताहरुमा अवसरवादी बढी छन् भने इमान्दार नगण्य छन् । अवसरवादीहरु हरेक हिसावले हावी भएको देखिन्छ भने इमान्दार अस्तित्व रक्षामै रहेको पाईन्छ । सबै नेताहरुलाई आ-आफ्नो अस्तित्व धान्न भने परेसान परेको छ ।

नेताहरु आफ्नो अस्तित्व रक्षाको निम्ति संघर्षरत देखिन्छन् । अवसरवादी नेताहरु अलि बढी उत्साही र आशावादी देखिन्छन् भने इमान्दार नेताहरु भने ढुलमुल र निराश देखिन्छन् । अवसरवादी र इमान्दार नेताहरुमा दुई खालको आफैमा भ्रम छ । अवसरवादी नेताहरुमा पहिलो भ्रम क्रान्तिकारी विचार र कार्यदिशाबाट विचलित भएका कारण वा उसैको इशारामा चल्न थालेपछि साम्राज्यवाद र विस्तारवादको आशिर्वाद पाईन्छ भन्ने छ । उनीहरुको आशिर्वादको आधारमा देशभित्र रहेका प्रतिक्रियावादीहरु दलाल तथा नोकरशाही पुँजीपति र सामन्तहरुसँग प्रतिस्पर्धा गर्न सकिन्छ । त्यो प्रतिस्पर्धा भनेको रुपमा सडक र सारमा सरकार र सदन हो । उनीहरुमा यी तीन मोर्चामध्ये एक न एक स्थानमा हाम्रो जित हुन्छ भन्ने भ्रम छ ।

दोस्रो भ्रम भनेको अनुभव हो । माओवादी शान्ति प्रक्रियामा आएपछि संसदीय आहालमा पस्न र डुब्न सफल भएको छ । संसदीय आहालमा डुबुल्की मार्दै गर्दा हामीले पनि धेरै अनुभव हासिल गरेका छौं भन्ने हुनुपर्दछात्यहिअनुभवका आधारमा विगतका सिमा र समस्याहरुको बारेमा समीक्षा र आत्मसमीक्षा तथा पार्टी एकता गरी हासिल गरेको शिक्षा र सारका आधारमा पनि जित्छौं भन्नेछ ।

तेस्रो भ्रम भनेको एकताको धाक र धम्की देखाएर प्रतिक्रियावादीहरुलाई तर्साउने र विचार तथा कार्यदिशामा पहिले आफुले आत्मसर्मपण गरिसकेकाले पार्टी एकताको आधारमा अरुलाई सामेल गरी मालिकलाई खुशी पारी जित्न सकिन्छ भन्ने देखिन्छ ।

चौथो भ्रम भनेको नेता र कार्यकर्ता मात्रको एकता भए पनि एकताको माहोलको भ्रममा सर्वसाधारण जनतालाई पनि होम्न सकिन्छ भन्ने देखिन्छ । एकताको वल भनेको पनि भ्रम नै हो एकताको भ्रम जताततै पार्न सकिन्छ भन्ने उनीहरुमा भ्रम छ । एकताको भ्रम विदेशी शक्तिलाई पनि पार्न सकिन्छ किनभने उनीहरुको इशारामा आफू चल्नुका साथै पार्टी एकताका आधारमा अरुलाई पनि सामेल गरेकोमा भ्रम पार्न सकिन्न भन्ने नै देखिन्छ ।

पार्टी एकताको भ्रममा सबैलाई पारी सबैमाथि हावी भइन्छ भन्ने भ्रम माकेका नेताहरुले पालेको देखिन्छ । नगण्य मात्रामा रहेका इमान्दार र क्रान्तिकारी नेताहरुलाई त्यहाँभित्र क्रान्तिकारी विचारलाई स्थापित गर्न सकिन्छ भन्ने लागेको त पाईदैन तैपनि हाम्रो पनि स्थानसम्म त हुन्छ कि भनि झिनो आशामा झुण्डिएको देखिन्छ । त्यस्तो प्रवल क्रान्तिकारी विचार र आस्था भएको नेता भने माकेमा पाइदैन ।

**पार्टी एकताको भ्रममा सबैलाई पारी सबैमाथि हावी भइन्छ भन्ने भ्रम माकेका नेताहरुले पालेको देखिन्छ । नगण्य मात्रामा रहेका इमान्दार र क्रान्तिकारी नेताहरुलाई त्यहाँभित्र क्रान्तिकारी विचारलाई स्थापित गर्न सकिन्छ भन्ने लागेको त पाईदैन तैपनि हाम्रो पनि स्थानसम्म त हुन्छ कि भनि झिनो आशामा झुण्डिएको देखिन्छ ।**

कार्यकर्ता,समर्थक र शुभचिन्तकप्रति पनि नेताहरुमा भ्रम रहने कुरा स्वतः भयो । कार्यकर्ताप्रतिको नेताहरुमा रहन गएको भ्रम भनेको पद र प्रतिष्ठा हो । एकताको नयाँ माहोल सिर्जना भएको वातावरणमा पद र प्रतिष्ठाका आधारमा कार्यकर्तालाई रिङ्ग्याउन घुमाउन सकिन्छ भन्ने माकेका नेताहरुलाई लागेको छ । पद र प्रतिष्ठाले मात्र नपुग्ने कार्यकर्तालाई आर्थिक स्रोतहरुमा होमेर वा होमिने वातावरण बनाई दिएर वा त्यसैको प्रलोभनको पासोमा पारेर पनि परिचालन गर्न सकिन्छ भन्ने उनीहरुमा भ्रम छ ।

त्यसैगरी, समर्थक, शुभचिन्तक र सर्वसाधारण जनतामा एकताको धमिलो भेलमा होमेर धमिलो खोलामा माछा मार्न सकिन्छ भन्ने भ्रम रहेको देखिन्छ । फुट र फुटपछि कमजोर भएको कुरामा तड्पिइरहेका सोझा इमान्दार समर्थक र शुभचिन्तक कार्यकर्तालाई एकताको पासोमा पारेर पुन तडपाई प्रतिक्रियावादीहरुलाई रमिता देखाई मुठ्ठिभर नेताहरुले भने फाइदा उठाइरहने सपना देखिरहेको देखिन्छ ।

कार्यकर्तामा पनि दुई खालको भ्रम छ । इमान्दार कार्यकर्तामा एक खालको भ्रम छ भने अवसरवादीकार्यकर्तामा अर्को खालको भ्रम छ । अवसरवादीकार्यकर्तामा पनि दुई थरीको भ्रम छ । अवसरवादी कार्यकर्ता पनि एक थरी अवसर पनि पाएको र अवसर पनि लिएका छन् भने अर्को थरी कार्यकर्ता अवसर पाएका तर अवसर नलिएका वा लिन नसकेका छन् । हिजो अवसरपनि पाएका अवसर पनि लिएका कार्यकर्ताले विगतको आफ्नो आत्मगत समस्याको समीक्षा र आत्मसमीक्षा गरी अब पुनः एकताको भेलमा माछा छोप्न कम्मर कसेको देखिन्छ ।

उनीहरुमा नेतालाई रिझाउन सकेमा र जनतालाई भ्रम पार्न सके विगतको भन्दा बढी फाइदा उठाउन सकिन्छ भन्ने भ्रम रहेको हुनसक्छ । विगतमा अवसर पाएको तर अवसरको फाइदा उठाउन नसकेको कार्यकर्तामा ठूलो पश्चाताप गर्दै त्यसबाट पाठ सिकेर साँवा-ब्याज असुल्न सक्छु भन्ने भ्रम रहेको देखिन्छ । इमान्दार कार्यकर्तामा एकताको वास्तविक कुरा बुझ्न नसक्नाले सम्पूर्ण भ्रममा परेको देखिन्छ । यतिवेलाको माओवादी एकतामा गएका नेता, कार्यकर्ता, समर्थक र शुभचिन्तकमा वास्तविकताभन्दा पनि भ्रम बढी रहन गएको छ । तिनीहरु सबै भ्रमको धरातलमा उभिएर रमाएका देखिन्छन् ।

इमान्दार कार्यकर्ता अध्ययन र विश्लेषणको आधारमा नभएर विश्वासको आधारमा टिकेका हुन्छन् । उसले कुनै पनि घटना वा कुराको अध्ययन, विश्लेषण र संश्लेषण गर्न सक्दैन । अध्ययन गरिहाले पनि द्वन्द्ववादी ढङ्गले बुझ्न सक्दैन । जसका कारण एकतामा उसले सँधै ठूलो वा शक्ति देख्दछ । उसले एकतामा कहिल्यै फुट र ध्वंश देख्दैन । सिद्धान्तनिष्ठ एकतामा संघर्ष अनि रुपान्तरण हुन्छ भन्ने कुरा उसले बुझेको हुन्न वा बुझेको छैन ।

उनीहरु आशा, भ्रम, आश्वासन, प्रलोभनका भरमा टिकेका हुन्छन् वा टिकाईएको हुन्छ । उनीहरुमा रहने मुख्य भ्रम भनेकै अन्धविश्वास, अन्धभक्ति, अन्धानुशरण नै हो । समर्थक र शुभचिन्तकमा झन कार्यकर्ताहरुमा भन्दा बढि भ्रम हुने गर्दछ । इमान्दार सर्मथक र शुभचिन्तकहरुमा सही र वास्तविकताका बारेमा विश्लेषण गर्ने भन्दा पनि विश्वास गर्ने बढी हुन्छन् र त्यहि देखिएको छ । हेर्ने, विश्लेषण गर्ने र बुझ्ने चश्मा पनि दुई प्रकार हुन्छ । त्यो चश्मा भनेको द्वन्द्ववादी चश्मा हो त्यसले मात्र सही वा गलत देख्न सक्छ ।

नवसंशोधनवादी तथा अवसरवादी नेता तथा कार्यकर्ताहरुले प्रधान कुरालाई सहायक र सहायक कुरालाई प्रधान बताई भ्रममा पारेका छन् । यतिवेला सोही खेलमा लागेका नेता तथा कार्यकर्ताहरुले विचार, सिद्धान्त र कार्यदिशालाई सहायक बनाई एकताको कुरालाई प्रधान बनाइदिएका छन् ।

इमान्दार कार्यकर्ता, समर्थक र शुभचिन्तकहरुलाई प्रधान र सहायक कुरा नबुझ्दासम्म भ्रम रहन सक्छ । त्यो भ्रमले इमान्दार कार्यकर्तामा अलि बढि घाटा पुऱ्याउँदछ । इमान्दारहरुले द्वन्द्ववादी ढङ्गले विश्लेषण गर्न नसक्दा केही समय एकतामा मृत्यु र जीवन दुवै कुरा हुन्छ भन्ने कुरा नबुझ्न पनि सक्दछन् । एकतामा मात्र जीवन देख्ने नत्र एकताभन्दा बाहिर रहेमा वा एकताको निम्ति केहि समय सजग र सतर्क रहँदा जीवन र भविष्य देख्न नसक्ने भ्रमको समस्या केही समय रहन सक्दछ ।

अहिले भ्रम र वास्तविकता दुवैमा पर्दा हालिएको छ वा रहेको छ । भ्रम र वास्तविकताको कुरा एकै साथ खुल्न थालेका छन् र छिटै उदाङ्गो हुनेछन् । वास्तविकताको पर्दा आफै खुल्नेछ कसैले रोक्न छेक्न सक्नेछैनन् । भ्रमको पर्दा आफै खुल्नेछ, नखुले च्यातिनेछ । पहिलो वास्तविकता भनेको यस्तो एकताले परिणाम गलत आउनेछ । गलत परिणामको तात्पर्य पुनः गुट र फुटको सृजना हुनेछ । किनभने, यस खालको एकतामा विचार, कार्यदिशा र विधि पद्धतिलाई अवलम्बन गर्नुको साटो पद, प्रतिष्ठा, भागबण्डा, आश्वासन र भ्रमलाई अनुसरण गएिको छ ।

एकताको वास्तविकता

पहिलो, एकता, संघर्ष र रुपान्तरण हुनुपर्नेमा एकता, आत्मसर्मपण र फुट वा विलय भएको छ । अवसरवादीहरुको विलय हुनेछ इमान्दार तथा क्रान्तिकारीहरुको फुट हुनेछ । दोस्रो वास्तविकता भनेको साम्राज्यवाद, विस्तारवादर र प्रतिक्रियावादीहरुको क्रान्तिकारीहरुको आत्मगत अवस्था परिपक्व नहुँदासम्म क्षणिक जित हुनेछ । उनीहरुले जीत देखेको संसदीय खेलमा नवसंशोधनवादी नेता तथा अवसरवादी कार्यकर्ताहरुको हार हुनेछ ।

तेस्रो वास्तविकता भनेको यो एकता देश र जनताको हित र स्वार्थमा आधारित छैन । सिमित नवसंशोधनवादी नेता र अवसरवादी कार्यकर्ताको निजी तथा व्यक्तिगत स्वार्थमा आधारित छ । इमान्दार कार्यकर्ता, समर्थक र शुभचिन्तकमा भ्रम रहेपनि यसको असर धेरै समय रहने छैन ।

माथि उल्लेखित तथ्यका आधारमा नवसंशोधनवादी नेता तथा अवसरवादी कार्यकर्ताहरुले एकताविरोधी विल्ला पनि भिराइदिन सक्दछन् । यस विश्लेषणले एकताकै कुरा उठाएको छ । त्यो एकता भनेको सिद्धान्तनिष्ठ एकता हो । त्यो एकता भनेको सीमित नेता र कार्यकर्ता वीचको एकता होइन, महान क्रान्तिकारी जनतासहितको एकता हो । पद, प्रतिष्ठा र भागबण्डासहितको एकता होइन । विचार, दर्शन र कार्यदिशासहितको एकता हो ।

यस्तो खालको एकताले मात्र क्रान्तिकारी वर्ग र जनताको समर्थन पाउनेछ । अवसरवादी कार्यकर्ता तथा भ्रमित कार्यकर्ता, सर्मथक र शुभचिन्तकसहितको एकताले सही दिशा लिनै सक्दैन । अन्ततः त्यो स्वार्थको झुण्ड विघटनतिर नै जान्छ । सर्त, स्वार्थ र दाउपेच बोकेको एकताको आयु लामो हुँदैन ।

अब निजी स्वार्थमा आधारित अवसरका ढोका बन्द हुदै जानेछन्, वास्तविकताको ढोका खुल्दै जानेछ । पद, प्रतिष्ठा र भागवण्डाको पात झर्दै जानेछन् र निष्ठाको राजनीतिक फूल फक्रिदै जानेछ । पहिलो अवसान संशोधनवादी, नवसंशोधनवादी र अवसरवादी नेता तथा कार्यकर्ताको हुनेछ । दोस्रो अवसान भनेको उनीहरुकै भरमा बाँचेको वा टिकेका साम्राज्यवाद, विस्तारवाद र प्रतिक्रियावादको अवसान हुनेछ । र, अन्तत ः इमान्दार नेता, कार्यकर्ता र क्रान्तिकारी महान जनता र वर्गको नै जित हुनेछ ।

## संक्षिप्त समाचार

### क्रान्तिकारी माओवादी नवलपरासीले गऱ्यो नेताहरुको कार्यविभाजन

■ **रवि पाण्डे**/नवलपरासी

नेकपा (क्रान्तिकारी माओवादी) नवलपरासीको मंगलबार चोरमारामा सम्पन्न बैठकले नेता कार्यकर्ताहरुको जिम्मेवारी हेरफेर गरेको छ । बैठकले क्रान्तिकारी पार्टीलाई अर्धभूमिगत रुपमा संचालन गर्नुपर्नेमा जोड दिंदै जिल्ला सेक्रेटरी तथा इलाका सेक्रेटरी एंव जनबर्गीय संगठन तथा मोर्चाको जिम्मेवारी समेत हेरफेर गरेको छ । बैठकले प्रदीपलाई सेक्रेटरीमा निर्वाचित गरेको छ भने ७ वटा इलाकाका इलाका सेक्रेटरी समेत चयन गरेको छ ।

सो पार्टीले बैधानिक र अबैधानिक रुपमा दुबै संर्घषलाई बर्गसंर्घषमा जोड्दै जनताका माझमा जाने तयारी समेत गरेको बुझिएको छ । सर्बदलीयमा प्रतिनिधित्व गर्नमा लागि बैधानिक मोर्चाको तयारी गरेको क्रान्तिकारी माओवादीले स्थानीय निकाय तथा सरकारी गैरसरकारी क्षेत्रमा भएका बिकृति घुसखोरीलाई भण्डाफोर गर्न नेता कार्यकर्तालाई निर्देशन समेत दिइएको छ ।

त्यस्तै बैठकले अखिल नेपाल राष्ट्रिय शिक्षक संगठनको जिल्ला संयोजकमा रामआश्रय कुमाल, अखिल नेपाल क्रान्तिकारी सुकुम्बासी संघ जिल्ला संयोजकमा चुडामणि भण्डारी, थारु मोर्चाको जिल्ला संयोजकमा दुर्गा चौधरी तथा क्रान्तिकारी बुद्धिजिवी संगठनको संयोजकमा पिताम्बर तिवारीलाई जिम्मेवारी दिएको छ । अन्य २२ वटा जनबर्गीय संगठन तथा जातीय क्षेत्रीय मोर्चाहरुको नेतृत्व भने यथावत राखेको छ । बैठकले पार्टीको सेल, गाउ, नगर तथा इलाकास्तरीय भेला प्रशिक्षण समेत ठोस गरेको सेक्रेटरी प्रदीपले बताए । त्यस्तै जनबर्गीय तथा जातीय क्षेत्रीय मोर्चाका बैठक समेत तयारी गरेको बताइएकोछ । बैठकले अपर कर्णाली भारतीय कम्पनीलाई दिने निर्णय राष्ट्रघाती रहेको भन्दै त्यसका बिरुद्ध संर्घष गर्ने र राष्ट्रियता जनतन्त्र र जनजिविकाको पक्षमा आवाज उठाउने निर्णय गरेको जनाइएकोछ । बैठक अनुकुलको अध्यक्षता पार्टीका केन्द्रीय सचिवालय सदस्य तथा अबध राज्य ईञ्चार्ज प्रेम सुवेदीको प्रमुख आतिथ्यता, प्रदीपको संचालनमा भएको थियो ।

### तमुवान राज्यमा जबस–मोर्चा सबल बन्दै

**पोखरा ।** पार्टीको पछिल्लो विभाजनपछि राष्ट्रिय भेला लगत्तै संगठन सुदृढीकरण अभियानमा जुटेको नेकपा (क्रान्तिकारी माओवादी) अहिले देशव्यापीरुपमा संगठन सुदृढीकरण तथा विस्तारको योजनामा जुटेको छ । सो पार्टीको तमुवान राज्य सम्बद्ध जबस-मोर्चाको गठन पुनर्गठनका गतिविधि तीव्र रुपमा अगाडि बढिरहेको पोखराबाट हाम्रा प्रतिनिधिले समाचार पठाएका छन् ।

नेकपा (क्रान्तिकारी माओवादी)का तमुवान इन्चार्ज श्रीनाथ अधिकारी' श्याम'को भनाइलाई उद्घृत गर्दै हाम्रा स्थानीय संवाददाताले जनाए अनुसार तमुवान राज्यमा क्रान्तिकारी माओवादी सम्बद्ध बुद्धिजीवी, मजदुर र प्राध्यापक संगठनका राज्य तदर्थ समितिहरु बनेका छन् । राज्यस्तरको एक भेलाले काजीबाबु श्रेष्ठको संयोजकत्वमा बमबहादुर छन्त्याल र रामप्रसाद पाण्डे सदस्य रहेको बुद्धिजीविको तदर्थ समिति गठन गरेको छ भने परशुराम कोइरालाको संयोजकत्वमा होमनाथ पाठक र अर्जुन ढकाल सदस्य रहेको प्राध्यापक संगठनको पनि तदर्थ समिति गठन गरेको छ । त्यसैगरी अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघका केन्द्रीय सचिवालय सदस्य कृष्ण कट्टेलको संयोजकत्वमा कर्मा बहादुर पुन र श्रीधन बहादुर राई सदस्य रहेको महासंघको राज्य तदर्थ समिति गठन गरिएको छ ।

त्यसैगरी, हाम्रा संवाददाताले जनाए अनुसार कास्की जिल्लामा पनि क्रान्तिकारी माओवादी सम्बद्ध जबस मोर्चाहरुको गठन पुनर्गठन भएको छ । अखिल नेपाल महिला संघ (क्रान्तिकारी)की जिल्ला अध्यक्ष लक्ष्मी अधिकारीको अध्यक्षतामा १५ सदस्सीय जिल्ला समिति पुनर्गठन गरिएको छ । रामप्रसाद पाण्डे संयोजक रहने गरी लक्ष्मी आचार्य र कृण भूजेल सदस्य रहेको बुद्धिजीवीको जिल्ला तदर्थ समिति बनाइएको छ भने होमनाथ पाठकको संयोजकत्वमा अर्जुन ढकाल र रामदेव गौली सदस्य रहेको प्राध्यापक संगठनको जिल्ला तदर्थ समिति निर्माण गरिएको छ ।

यता बम बहादुर छन्त्यालको संयोजकत्वमा रामबहादुर पुन, उर्मिला श्रीस, धनमाया थापा, टेकबहादुर गुरुङ, विनिता तामाङ र विष्णु राणा सदस्य रहेको पार्टी सम्बद्ध आदिवासी जनजाति महासंघको पनि गठन गरेको छ भने अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघको जिल्ला समिति निर्माणका लागि कर्ण बहादुर पुन र श्रीधन बहादुर राईलाई जिम्मा दिइएको सम्बद्ध स्रोतले जनाएको छ ।

**काठमाडौं तर्फ टिकट बुकिङ स्थानहरु**
सुनिल लामा – ९८५११३५५७३/९८४१०३८८६१
इन्चार्ज, कलंकी काउन्टर
जोरपाटी : ९८५१०४०३१५
नयाँ बसपार्क : ९८१८९६५६४१
स्वयम्भू : ९८५११३९९५९
कलंकी बाबा आयल : ९८४१०३८८६१
बागबजार : ९८२३२६०३१०
मैतीदेवी : ९८५११३९९५९
सुन्धारा : ९८५११३५५७३
बानेश्वर, शंखमुल : ९८१८५२१०३७
कोटेश्वर : ९८२३३०५८१२
ग्वार्को इमाडोल : ९८२३२६०३१०
सातदोबाटो : ९८४१०३८८६१
बल्खु : ९८२३३०५८११
कीर्तिपुर : ९८२३३०५८१२
थानकोट : ९८४१०३८८६१

**धौलागिरी अञ्चल तथा घोडाघोडी बस व्यवसायी समितिद्वारा संचालित**

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

पोखरा, कुस्मा, फलेवास, बाग्लुङ गलकोट हटिया, बुर्तिबाङ, मुक्तिनाथ, दाङ तुलसीपुर, लुम्बिनी, नेपालगंज, सुर्खेत कालिकोट, जुम्ला, दैलेख, जाजरकोट, खलंगा दिल्ली, बनारासी साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकटको पनि व्यवस्था छ ।

फोन मार्फत् टिकट बुकिङ गर्नुको साथै घरदैलोबाटै पिक अप को राम्रो व्यवस्था मिलाएको छ ।

काजिका अ.द.नं. १९४/०७३

वर्गदृष्टि
Bargadrishti Weekly साप्ताहिक

## आलोपालो

# प्रतिगामी संविधान विद्रोहको अर्को आधार



उत्तम सिम्खडा

मुलुक पुनः राजनीतिक मुठभेडतर्फ धकेलिने सम्भावना बढेको छ । तीन ठूला टाउकेको हैकम र कतिपय विदेशी दलालको सुझावका आधारमा जारी गरिएको कथित प्रतिगामी संविधान राजनीतिक ध्रुवीकरणको मुख्य आधार बन्दै गएको स्पष्ट छ । यसले मुलुकमा द्वन्द्वको नयाँ पृष्ठभूमि तयार पारेको तथ्य करिब सबैले बुझिसकेको पाइन्छ ।

विशेषगरी श्रमजीवी जनताको मुक्तिका निम्ति दश वर्षसम्म जनयुद्ध गरेको राजनीतिक शक्तिभित्र स्वदेशी विदेशी धमिराको प्रवेशका कारण इतरका अन्य शक्तिले खेल्ने मौका पाए । माओवादी शीर्ष नेता मध्यका कतिपयले यसलाई रोक्न प्रयत्न गरेनन् वा रोक्ने साहस देखाएनन् । जसको जवाफ भविश्यले इतिहासमा दिनेछ । तर वर्तमानमा यो देशका पीडित जनताले न्याय पाएनन् । हिजोदेखिकै सामन्त र वर्तमानका नवसामन्तहरुको दमन, अन्याय अत्याचार कायम छ । यो सबैभन्दा दुःखद् र चिन्ताको विषय हो । यो विषयबाट पीडित जनताले मुक्ति पाउनुपर्छ । अन्याय र अत्याचारको बादल फाट्नु पर्छ भनेर नेकपा (क्रान्तिकारी माओवादी) सङ्घर्षरत छ ।

जनयुद्धकालका विषय छोडेर सैद्धान्तिक एवम् वैचारिक रुपमा गम्भीर विचलनका साथ हिजोका सामन्तहरुसँग हात मिलाएर आफूलाई नवसामन्तका रुपमा स्थापित गराउने चरित्रले हिजो युद्धमा लडेकाहरुको मन शान्त छैन । तर यो भावना बुझेर नेतृत्व गर्नुको विकल्पमा हिजोका माओवादी कतिपय नेता भन्नेहरु कुर्सीका निम्ति बारम्बार प्रतिस्पर्धामा छन् । नेकपा (क्रान्तिकारी माओवादी)ले ती सामन्तवादी र साम्राज्यवादका दलालहरुसँग सैद्धान्तिक र वैचारिक युद्ध पनि गरिरहेको छ । र, क्रान्तिकारी माओवादीले यस युद्धमा वैचारिक राजनीतिक हिसाबले श्रेष्ठता हासिल गरेको छ ।

तत्कालीन नेकपा (माओवादी)ले अगाडि सारेको नयाँ जनवादी गणतन्त्रको मार्गचित्रबाट लोकतान्त्रिक गणतन्त्रको रोडम्यापमा प्रचण्ड-बाबुरामले सिंगो माओवादी आन्दोलनलाई डोऱ्याउन खोजेपछि पार्टीभित्र भीषण दुईलाइन संघर्ष चल्यो र अन्ततः क.किरणको नेतृत्वमा नयाँ क्रान्तिकारी पार्टीको गठन भयो । जनताको संघीय गणतन्त्रमा आधारित संघीय संविधान नेकपा-माओवादीको बटमलाइन थियो । त्यो नहुने देखेर नै संविधानसभा-२ को निर्वाचन बहिष्कार गऱ्यो । अन्ततः हामीले भनेजस्तै एक थान संविधान त जारी गरियो । तर त्यसको चरित्र ०४७ सालको भन्दा फरक देखिएन । परिणामतः चौतर्फी संविधानको विरोध भयो, कथित संविधान जलाइयो । र, अहिले यही प्रतिगामी चरित्रको संविधान विद्रोहको आधार बन्ने देखिन्छ ।

सामन्तवाद र साम्राज्यवादको विस्तार र विकाससँगै विद्रोहको जग पनि बलियो बन्दै जान्छ । देश र जनताका निम्ति फेरि पनि वलिदान गर्नुपर्ने हो भने अबको वलिदानको मूल्य निकै महङ्गो पर्नेछ । सामन्तवादीहरुद्वारा जारी संविधानलाई मधेसी, आदिवासी जनजातिलगायतले अझैसम्म पनि स्वीकार गर्न नसक्नु विद्रोहको अर्को सशक्त आधार खडा हुनु हो । यसलाई समयमै सच्याउने प्रयास नगर्ने र सच्याउनको निम्ति तयार नहुने हो भने सामन्तवादी/साम्राज्यवादीहरुले अर्को विद्रोहको प्रतिक्षा गरिरहेका छन् भन्ने बुझिन्छ ।

देशमा अन्याय, अत्याचार मात्र छैन, भ्रष्टाचार र शोषण पनि त्यत्तिकै छ । राज्यको कोषबाट करोडौं रुपैंया बाँड्दा वा हिनामिना गर्दासमेत बोल्ने यहाँ कोही छैन । रोक्ने त झन् कोही देखिंदैन । यसले स्पष्ट गर्दछ, यो संविधान जनतालाई देखाउने दाँत मात्र हो खाने मुख अर्कै छ । जसले संविधान बनाए उनीहरुले आफ्नो सजिलोका निम्ति बनाए, जनताले यो कुरा बुझ्नुपर्दछ । त्यो तातो बालुवामा काम गर्न अरब जाने मानसिकता त्यागेर आफ्नै देशमा एकपटक फेरि पनि रगत बगाउनु पऱ्यो भने पनि पछाडि पर्नु हुँदैन । हामी जहाँ गएपनि जे गरेपनि नेपाल हाम्रो अन्तिम गन्तव्य हो । हामीले यहाँ धेरै प्रकारका आन्दोलन, युद्ध र विद्रोह गऱ्यौं तर ती सबै सामन्तवाद र साम्राज्यवादका दलालहरुको कब्जामा गए । हामीले खोजेको र चाहेको शासनप्रणाली स्थापित हुन सकेन । त्यसैले हाम्रा निम्ति फेरि पनि विद्रोहको विकल्प छैन । वर्तमान कथित नयाँ संविधान नेपालमा नयाँ विद्रोहको आधार बनेको छ । नचाहेर पनि शोषित पीडित श्रमजीवी जनता फेरि पनि जाग्नु परेको छ, उठ्नु परेको छ ।

हाम्रो पार्टीले राजनीतिक कार्यदिशा तय गरिसकेको छ र यसका आधारमा फौजी कार्यदिशा पनि तयार गरेको छ । नेपाली विशेषताअनुसारको सशस्त्र जनविद्रोह अबको निर्विकल्प बाटो हो । पार्टीको यसै वर्ष फागुनमा सम्पन्न हुन गइरहेको अधिवेशनले यसलाई पारित मात्र गर्ने छैन, कार्यदिशा अनुसारको विद्रोहको शंखघोष पनि गर्नेछ । यसपछि वर्तमान सामन्तवादी सत्ता स्वतः निहुरिन वाध्य हुनेछ । हाम्रो उद्देश्य शोषित पीडित जनताको न्याय हो । यसका पक्षमा जनताको उभार आउने छ । त्यसपछि श्रमजीवी शोषित पीडित जनताको न्यायका सुनौला दिन आरम्भ हुनेछन् ।

## माके प्रतिक्रियावादी ...

अधिकारको पक्षमा कम्युनिष्ट पार्टीले नै लड्छ भन्नेमा जनतालाई पूरा विश्वास छ ।

### नवसंशोधनवाद र दक्षिणपन्थी अवसरवादको भण्डाफोर

पार्टीभित्रका दक्षिणपन्थी अवसरवादी तथा नवसंशोधनवादका पुच्छरहरुले दक्षिणपन्थी अवसरवादभित्र ल्याएर हामीलाई चोवल्न खोजे । पार्टीभित्र त्यो प्रवृत्तिका विरुद्ध भीषण संघर्ष चल्यो । अन्ततः क्रान्तिकारीहरुको नै जित भयो । नवसंशोधनवादीहरुले अहिले जनवादी क्रान्ति सफल भयो, समाजवादी क्रान्तिको कार्यदिशामा अगाडि बढ्ने भन्ने भ्रम छरिरहेका छन् । जनवादी क्रान्ति पूरा भएको छैन । नेपालमा पुँजीवाद आएको छैन । सामन्तवादी र अर्ध/नव औपनिवेशिक उत्पादन सम्बन्धलाई जनवादी उत्पादन सम्बन्धले प्रतिस्थापन नगरेसम्मको अवस्थालाई जनवादी क्रान्ति सम्पन्न भएको मान्न सकिन्न । नवसंशोधनवाद, दक्षिणपन्थी अवसरवाद र प्रतिक्रियावादको सशक्त ढंगले भण्डाफोर गरेर जानु पर्दछ ।

### जबस-मोर्चा वैधानिक संघर्षको फ्रन्ट मोर्चा

अबको हाम्रो मुख्य जोड संगठन हो । संगठन राम्रो नभएसम्म हामी टिक्दैनौं । सेल कमिटीबाटै संगठन निर्माण थाल्नु पर्दछ । कम्युनिष्ट पार्टी मास संगठन हुँदैन । क्रान्तिकारी संगठन बनाउनु पर्दछ । अब जनवर्गीय र मोर्चा संगठनहरुलाई व्यापक बनाउनु पर्दछ । अब वैधानिक संघर्षको नेतृत्व जबस-मोर्चाहरुले गर्नेछन् ।

## ओलीको वहिर्गमन ...

दाहाललाई दिल्लीले विश्वास गर्न नसकेको उनीहरुको भनाइ छ ।

### जनतालाई 'जुन जोगी आएपनि कानै चिरेको'

भूकम्प, नाकाबन्दी र बाढी, पहिरो र डुवानको मारमा परेका नेपाली जनतालाई सरकारको फेरवदलमा कुनै चासो देखिएको छैन । भूकम्प गएको डेढ वर्ष वितिसक्दा पनि जनता पालमुनिको कष्टकर जिन्दगी बाँचिरहेका छन्, बाढी पहिरोले जीवन अझ आततायी बनाइरहेको छ । भ्रष्टाचा र कमिसनको जगजगी, महंगी र कालोबजारीको महामारी, बेरोजगारी र अभावको मार बढिरहेकै छ । ओली आए गए, दाहाल आउँछन जान्छन्, फेरि देउवा आउलान् जालान तर जनताका समस्या ज्युँका त्युँ रहन्छन् । यो संसदीय व्यवस्थामा सरकारको नेतृत्वमा जो आए पनि कुनै फरक पर्ने छैन । जनताका लागि जुन जोगी आए पनि कानै चिरेकोजस्तै हो ।

### फेरि हुनसक्छ अर्को राष्ट्रघात

हरेक सरकार फेरबदलमा राष्ट्रहितलाई दाउमा राख्ने गरिएको छ । सरकारमा जान र सरकारमा टिकीरहन दिल्लीको चाकडी गर्नेहरुले पटकपटक यस्तो राष्ट्रघात गर्दै आएका दृष्टान्तहरु छन् । सरकार फेरवदलको यो पछिल्लो खेलमा पनि यस्तै सौदाबाजी भएको हुनसक्ने राजनीतिक विश्लेषकहरु अनुमान गर्छन् । दाहाल र देउवाले दिल्लीलाई रिझाउन फेरि गर्नसक्छन् राष्ट्रघात । राजनीतिक विश्लेषकहरु दावी गर्छन् आजसम्म दिल्लीले उदारो केही पनि काम नगरेकोले दाहाल र देउवालाई प्रयोग गरेर नेपालको सुरक्षा र परराष्ट्र नीतिमा दिल्ली हावी हुन सक्छ । केही समय अघि प्रबुद्ध समुहको बैठकमा भारत तर्फको नेतृत्व गरेर आएका विजपीका वरिष्ठ नेता कोसियारीले दिएको विवादास्पद भनाइतर्फ संकेत गर्दै विश्लेषकहरु भन्छन्, 'दिल्ली नेपाललाई भूटानीकरण हुँदै सिक्किमीकरणको डिजाइनमा लैजान चाहन्छ ।' ओली नेतृत्वको सरकारको पालामा हुन लागेको चिनियाँ राष्ट्रपतिको भ्रमणलाई रोक्न सरकार फेरबदलमा लागेको दिल्ली आफ्नो मिसनमा सफल भएको विश्लेषकहरुले दावी गरेका छन् ।

## क्रान्तिकारी माओवादी ...

तेस्रो जनजीविका सम्बन्धी शीर्षक अन्तर्गत जनजीविकाको सवालमा १२ वटा मागहरु समावेश गरिएका छन् । भक्तपुर जिल्लाले भने स्थानीय पाँचवटा माग थपेर जनजीविकासम्बन्धी १७ वटा माग ज्ञापनपत्रमा पेश गरेको छ ।

काठमाडौंमा टोलीबाट विद्यार्थी नेता फणिन्द्र कार्कीले ज्ञापनपत्र वाचन गरी प्रजिअलाई हस्तान्तरण गरेका थिए भने ललितपुरमा केके मल्लले संयुक्त ज्ञापनपत्र वाचन गरेर सुनाएका थिए । नेपाल सरकारका प्रधानमन्त्रीलाई सम्बोधन गरी मार्फत् जिल्ला प्रमुख अधिकारीलाई बुझाइएको ज्ञापनपत्रको पूर्ण पाठ यस्तो रहेको छ :

श्री सम्मानीय प्रधानमन्त्री ज्यू,
नेपाल सरकार, सिंहदरवार, काठमाडौं
मार्फत्
श्री जिल्ला प्रमुख अधिकारी ज्यू,
काठमाडौं, ललितपुर, भक्तपुर

**विषय :– ज्ञापनपत्र**

नेपाल लामो समयदेखि अर्धसामन्ती र अर्ध तथा नवऔपनिवेशिक अवस्थाबाट गुज्रदै आइरहेको छ । नेपाली जनताले राष्ट्रिय स्वाधीनताको रक्षा, जनतन्त्र र जनजीविकाका समस्याहरु समाधानका लागि निरन्तर संघर्ष गर्दै आएका छन् । नेपाली जनताका छोराछोरीहरुले त्याग, तपस्या र बलिदानका उच्च कीर्तिमानहरु कायम गरेका छन् तर जनताका हकअधिकार र मागहरुको अझै सुनुवाइहुन सकेको छैन ।

देश यतिखेर राष्ट्रियता, जनतन्त्र र जनजीविकाका क्षेत्रमागंभीर संकटबाट गुज्रिरहेको छ । जनताको मागलाई पुरै वेवास्ता गरी ल्याइएको संविधान र संसदीय व्यवस्थाको नेपाली राजनैतिक मंचमा पुनः मंचन भइरहेको छ । भूकम्पबाट पीडित जनताप्रतिको वेवास्ता, महंगी, तस्करी, कमिशनखोरी, कालाबजारी कथितनयाँ संविधान र संसदीय व्यवस्थाको उपहार मात्रभएको छैन यसले देशको राष्ट्रिय स्वाधीनता र सार्वभौमसत्ता गम्भीर खतरामा पारेको छ ।अतः हामी विभिन्न जनवर्गीय संगठनहरु र मोर्चा संगठनहरु संयुक्त रुपमा राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवालहरुका साथै यस जिल्लाका समस्याहरुप्रति सरकार, जिल्ला प्रशासन कार्यालय र सरोकारवाला सबैको ध्यानाकर्षण गरी अविलम्ब संबोधनगर्न निम्न मागहरु सहितको ज्ञापनपत्र प्रस्तुत गरिएको छ ।

**राष्ट्रियता**

१. सन् १९५० को नेपाल-भारत सन्धिलगायत सम्पूर्ण असमान सन्धि सम्झौताहरु खारेज गरियोस् ।
२. सन् १९६५को राष्ट्रिय हितप्रतिकूलको सुरक्षा सम्बन्धी सन्धिखारेज गरियोस् ।
३. माथिल्लो कर्णाली र अरुण तेस्रो जलविद्युत् परियोजना सम्बन्धी सम्झौता तुरुन्तखारेज गरियोस् । साथै कोशी, गण्डक र एकीकृत महाकाली सन्धिखारेज गरियोस् ।
४. नेपाल-भारत खुल्ला सीमानियन्त्रित र व्यवस्थितगरियोस् ।
भारतद्वारा अतिक्रमित तथा मिचिएका कालापानीलगायत सम्पूर्ण भूभाग नेपाललाई फिर्ता गरियोस् । चीनद्वारा भारतसंग गरिएको व्यापारिक सम्झौतामा लिपुलेक नाकालाई भारतीय भूभागको रुपमा उल्लेख गरिएकोमा त्यसलाई खारेज गरियोस् ।
५. पारवहन सम्बन्धमा प्रचलित अन्तर र्राष्ट्रिय कानुनअनुसार नेपालको लागि समुन्द्रीमार्गसम्मको पहुँच र पारवहनव्यवस्था सुनिश्चित गरियोस् ।
६. राष्ट्रिय आत्मनिर्भर अर्थतन्त्रविकास गर्ने नीतिविपरित भारतसंग गरिएको द्विपक्षीय लगानी प्रवर्धन तथा संरक्षण सम्बन्धी सम्झौता विप्पा खारेज गरियोस् ।
७. सरकारद्वारा ल्याइएको राष्ट्रिय हितप्रतिकूलको नागरिकता प्रमाणपत्र वितरण सम्बन्धी निर्णय खारेज गरियोस् । वास्तविक नेपालीलाई नागरिकताको हकबाट वञ्चितनगरियोस् ।
८. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललगायत पन्ध्रवटा विमानस्थलको व्यवस्थापन भारतीय निजी कम्पनीलाई दिने निर्णय खारेज गरियोस् ।

**जनतन्त्र**

१. उत्पीडित जाति, क्षेत्र र समुदायको पहिचानका आधारमा संघीयताको व्यवस्था गरियोस् । सम्पूर्ण प्रदेश र स्थानीय निकायमा स्वायत्तता र स्वशासनको व्यवस्था गरियोस् ।
२. महिला, दलिततथा मुस्लीम समुदायलाई विशेषाधिकारको व्यवस्था गरियोस् ।
३. राज्यका सबै अंगहरुमा पूर्ण समानुपातिक र समावेशिताको ग्यारेण्टी गरियोस् ।
४. दलितमाथि हुने भेदभाव र छुवाछुतलाई गैरकानूनी घोषणा गरी कडा कार्वाही गरियोस् ।
५. सबै भाषाभाषीलाई समानअवसर र सुविधा प्रदान गरी उच्चमा.वि. तहसम्म मातृभाषामा शिक्षा प्राप्त गर्ने व्यवस्था गरियोस् ।
६. भूकम्पद्वारा ध्वस्तभएका ऐतिहासिक मठमन्दिर, पाटीपौवा हिटीहरुको तत्काल निर्माण गरी नेपालीकलाको संरक्षण र संबर्धन गरियोस् । लोपोन्मुख भाषा, कला, संस्कृति, गीत, संगीतको संरक्षण र संवर्धन गरियोस् ।
७. महान् जनयुद्धका क्रममा राज्यद्वारा वेपत्तापारिएका वेपत्ता योद्धाहरुको खोजी गरी सार्वजनिक गरियोस् र दोषीमाथि कार्वावाही गरियोस् । साथै शहिदतथा वेपत्ता योद्धा परिवारलाई उचित राहतको तुरुन्त व्यवस्था गरियोस् ।
८. जनयुद्ध कालमा लगाइएका मुद्दाका आधारमा वारेन्ट जारी गर्ने, गिरफ्तार गर्ने, थुनछेक गर्ने कार्य तुरुन्तबन्द गरी सम्पूर्ण मुद्दाहरुलाई मेलमिलापआयोगमा पठाइयोस् । जनयुद्धकालमा प्रतिशोधका आधारमा लगाइएका सम्पूर्ण मुद्दाहरु खारेज गरियोस् ।
९. वाक तथा प्रकाशन स्वतन्त्रतालाई पूर्ण रुपमा सुनिश्चित गरियोस् ।
१०. बुद्धिजीवी, साहित्यकार, कलाकार र सांस्कृतिककर्मीहरुको प्राज्ञिक स्वतन्त्रता सुनिश्चित गरियोस् ।

**जनजीविका**

१. सम्पूर्ण जनतालाई स्वदेशमै रोजगारीको व्यवस्थागरियोस् । बेरोजगारलाई बेरोजगार भत्ताको व्यवस्थागरियोस् ।
२. शिक्षा, स्वास्थ्य, रोजगार र खाद्यसम्प्रभुता जस्ताजनताको मौलिक अधिकारलाई व्यवहारतः लागू गरियोस् ।
३. कक्षा १२ सम्म सबै क्षेत्रमा निःशुल्क र अनिवार्य शिक्षानीति लागू गरियोस् । शिक्षा र स्वास्थ्यमा भएको निजीकरण र व्यापारिकरण बन्द गरी शिक्षा र स्वास्थ्यको सम्पूर्ण दायित्व राज्यले लिने व्यवस्था गरियोस् । जनवादी, वैज्ञानिक, व्यवहारिक तथा देशभक्तिको भावना बढाउने शिक्षानीति र पाठ्यक्रमको व्यवस्थागरियोस् ।
४. मुटुरोग, मृगौलारोग, क्यान्सर जस्ता घातक रोगको उपचारको सम्पूर्ण रुपले यथासिघ्र राज्यले दायित्व वहन गरियोस् ।
५.भूकम्प पीडित जनताका पक्किघर निर्माण गरीआवासको तुरुन्त व्यवस्था गरियोस् ।
६. सामन्त, दलाल तथा नोकरशाही पूँजीपतिहरुको जमीनजफत गरी भूमिहिनतथा सुकुम्बासीहरुमा वितरण गरी क्रान्तिकारी भूमिनीति लागू गरियोस् ।
७. मजदुरहरुको उचित ज्याला निर्धारण गरी कडाइपूर्वक लागू गरियोस् । मजदुरहरुको कामको ग्यारेण्टी गर्न ठेकेदारी, करार र ज्यालादारी प्रथालाई खारेज गरियोस् ।
८. किसानहरुका लागि मल, बीउबिजन सस्तो र सुलभ बनाइयोस् । कृषिमा समुचित अनुदानको व्यवस्था गरियोस् । कृषिउत्पादनको उचित मूल्य निर्धारण र बजारको व्यवस्था गरियोस् ।
९. कालाबजारी, भ्रष्टाचारी र तस्करीहरुमाथि कडा कार्वाही गरी बढ्दो महंगी नियन्त्रण गरियोस् र उपभोग्य वस्तुको वितरण सुलभ र व्यवस्थित गरियोस् ।
१०. राज्यका सबै निकायहरुमा उत्पीडित वर्ग, जाति, क्षेत्र, दलित र महिलाको समानुपातिक र समावेशीताको नीति व्यवहारमा लागू गरियोस् ।
११. छोरीलाई छोरा सरह पैत्रिक सम्पत्तिमाथिको हक व्यवहारतः लागू गरियोस् ।
१२. नगर/उपमहानगर/महानगरपालिकाहरुले जनताका ढाड सक्ने गरी घर जग्गाको कर तीन गुनासम्म वृद्धि गरेको र गर्ने क्रममा रहेकोले वृद्धि गरिसकेको कर खारेज गरियोस् र वृद्धि गर्न लागेका ठाउँमा कर वृद्धि रोकियोस् ।

**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रधान सम्पादक** : कुमार शाह, **सम्पादक** : इन्द्र राउत, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं